**सर्वोच्च अदालत संयुक्त इजलास**

**माननीय न्यायाधीश डा. श्री नहकुल सुवेदी**

**माननीय न्यायाधीश श्री बालकृष्ण ढकाल**

**फैसला**

०७२-CI-१९३५

**मुद्दा :- अशं चलन।**

| | |
|---|---|
| काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १९ घर भई हाल ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका वडा नं. १३ जावलाखेल बस्ने हेमराजको नाति, केशरीराजको छोरा वर्ष ७३ को प्रकाश राज .......१ | **पुनरावेदक प्रतिवादी** |

**विरुद्ध**

| | |
|---|---|
| काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १९ ढोकाटोल हाल ऐ.ऐ. वडा नं. १६ बालाजु बस्ने प्रदिपराज पाण्डे.......................................१ | **प्रत्यर्थी वादी** |

०७२-CI-१९५६

| | |
|---|---|
| काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १९ घर भई हाल ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका वडा नं. १३ जावलाखेल बस्ने केशरीराजको बुहारी, प्रकाश राजको श्रीमती सुनिता शर्मा................१<br>ऐ.ऐ. बस्ने केशरीराजको नाति प्रकाश राजको छोरा संजयराज शर्मा..........१<br>ऐ.ऐ. बस्ने केशरीराजको नाति प्रकाश राजको छोरा अनुरागराज शर्मा.....१ | **पुनरावेदक प्रतिवादी** |

ऐ.ऐ. बस्ने केशरीराजको नाति प्रकाश राजको छोरा दिग्विजयराज शर्मा....१

**विरुद्ध**

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १६ बस्ने प्रदिपराज पाण्डे.........................................................................१ **प्रत्यर्थी वादी**

**सुरु तहमा फैसला गर्ने:** माननीय न्यायाधीश श्री भरतप्रसाद अधिकारी
काठमाडौं जिल्ला अदालत

**फैसला मितिः** २०६१।१०।२६

**पुनरावेदन तहमा फैसला गर्ने:** माननीय मुख्य न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई
माननीय न्यायाधीश श्री पुष्पराज कोईराला
पुनरावेदन अदालत पाटन

**फैसला मितिः** २०७२।१०।१०

पुनरावेदन अदालत पाटनको मिति २०७२।१०।१० को फैसला उपर प्रतिवादीका तर्फबाट तत्कालीन न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) बमोजिम पुनरावेदन दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवम् ठहर यसप्रकार रहेको छः-

**तथ्यगत व्यहोरा**

१. विपक्षी पिता प्रकाशराज भन्ने प्रकाशराज पाण्डेको तीन श्रीमती मध्ये जेठी टिकादेवी पाण्डेबाट म फिरादीको जायजन्म भएको, माहिली लता पाण्डेको तर्फबाट २ भाई छोराको जन्म भै माइली आमा लता पाण्डेको २०५५ सालमा आफ्नो कालगतिले परलोक भैसकेको छ। कान्छी आमाबाट एक छोराको जन्म भएको छ। हामी चार दाजुभाइ मध्ये म फिरादीको विवाह भै अरु भाइको विवाह हुन बाँकी छ। हामी ७ अंशियार भएका र हामी बीच वण्डा भएको छैन। विपक्षी पिताले माइली आमा

जीवित हुँदाको अवस्थामा निजको कुरा सुनी मलाई हेलाको दृष्टिले हेरे। २०५५ मंसिरमा पिताले कान्छी आमा भित्र्याएपछि घरबाट निस्की जा भनेकोले डेरा कोठामा बसी जीविका चलाउँदै आइरहेको थिएँ। मेरो अंशभाग छुट्टयाई दिनुहोस् भन्दा अंश, खान बस्न दिदैनौं जाने बुझेको गर भनी ठाडो जवाफ दिएको कारण बाध्य भै अदालतको शरणमा आएको छु। एउटा पिताले आफ्नो सन्तानलाई पुऱ्याउनु पर्ने दायित्व नपुऱ्याई पन्छिदै आउनु भएको हुँदा फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरी विपक्षीबाट तायदाती फाँटवारी लिई बिवाह गर्न बाँकी भाइहरुको विवाह खर्च पर सारी सम्पूर्ण सम्पत्तिलाई ७ भाग लगाई ७ भागको १ भाग अंश छुट्याई पाउँ भन्ने व्यहोराको वादी प्रदीपराज पाण्डेले मिति २०५७।३।९ मा काठमाडौं जिल्ला अदालतमा दायर गरेको फिरादपत्र।

२. वादी मेरो कुनै नाता भित्रको नपर्ने हुनाले निजलाई मैले अंश दिनुपर्ने दायित्व छैन। वादी नाबालक हुँदा वादीको आमा टिकादेवीले मेरो विरुद्धमा काठमाडौं जिल्ला अदालतमा दायर गरेको अंश मुद्दामा मिति २०४०।२।३१ को दिन लोग्ने स्वास्नी एवम् बावु छोरा समेत नाता एवम् अंशतर्फको सम्पूर्ण वादी दावी छाडी मिलापत्र भएको छ। सो मिलापत्र बदर गरिपाउँ भन्ने मुद्दा मिति २०४४।६।२६ मा तामेलीमा राख्ने आदेश भई सकेको हुनाले अ.वं. ८५ एवम् प्राङ्‍न्याय सिद्धान्त अन्तर्गत प्रस्तुत मुद्दा खारेज हुनुपर्छ। वादीको आमा टिकादेवी र दाजु लिलानाथ उपर श्याम बहादुर क्षेत्री भन्ने व्यक्तिले दायर गरेको नवजात शिशु र पत्नी दिलाई पाउँ भन्ने मुद्दा दिएको र सो मुद्दामा टिकादेवीबाट निज श्याम बहादुरको करणी वीर्यले छोरा पाएको कुरा देखाइएको समेतबाट समेत प्रस्तुत मुद्दा खारेजभागी छ। वादीले लिएको नागरिकताको प्रमाणपत्रको हकमा अ.वं. ७८ नं. को मेरो हक सुरक्षित नै छ। मिलापत्र पश्चात मलाई बावु देखाई वादीले नागरिकताको प्रमाणपत्र मेरो सिफारिस र सहमति वेगर लिएको भएपनि सो प्रमाणपत्र आफैमा जालसाजपूर्ण हुनुपर्छ। वादीले झुठा विवरणं दिई नागरिकता लिएको भए तापनि प्रमाण ऐन, २०३१ को दफा ६(ग) र ३४(१) एवम् बिवन्धनको सिद्धान्त समेतले सोलाई

प्रमाणमा लिन मिल्ने अवस्था छैन। वादीको झुठा फिराद दावीबाट फुर्सद दिलाई पाउँ भन्ने प्रतिवादी प्रकाश राजले मिति २०५८।६।१६ मा दर्ता गराएको प्रतिउत्तर पत्र।

३. प्रतिवादी प्रकाश ए राज पाण्डेसँग हाम्रो नाता पर्दछ। हामी ५ जाना अंशियार छौं। वादीलाई चिनेको छैन। हामीबाट वादीले अंश पाउने होइन भन्ने अ.वं.१३९ नं. बमोजिम बुझिएका दिग्विजयराज शर्माको हकमा संरक्षक भई निजकी आमा सुनिता शर्माले आफ्नो हकमा समेत गरेको बयान।

४. हामी ५ जना अंशियार छौं। बाबु प्रकाश राज, आमा सुनिता शर्मा, दाजु भाइ म संजय राज शर्मा, अनुराग राज शर्मा र दिगविजय राज शर्मा हौं। प्रदिपराज पाण्डे हाम्रो कुनै नाता पर्दैन। प्रदिपराज पाण्डे अंशियार होइनन् भन्ने अ.वं. १३९ नं. बमोजिम बुझिएका संजय राज शर्मा र अनुराग राज शर्माको वारेश महादेव पण्डितले गरेको बयान।

५. यी प्रतिवादी प्रकाश राज पाण्डे मेरा श्रीमान, वादी प्रदिपराज पाण्डे मेरो पति प्रकाश राज पाण्डेका छोरा हुन्। हाम्रो अंशियारमा मेरो तर्फ छोरा प्रदिपराज, माइली सौतापट्टि २ छोरा र कान्छी पट्टि एक छोरा छन्। माइली सौताको परलोक भै सक्यो। सातजना अंशियार छौं। हामीहरु बीच हालसम्म अंशवण्डा भएको छैन। मेरो र पति प्रकाशराजको बीच २०२६ सालतिर विहे भएको हो भन्ने अ.वं. १३९ नं. बमोजिम बुझिएका टिकादेवी पाण्डेले गरेको बयान।

६. प्रकाश राज पाण्डे बुवा, सुनिता शर्मा कान्छी आमा, संजय राज, अनुराग र दिग्वीजय पाण्डे भाइहरु हुन्। हामीलाई घरवाट निकाली कोठामा बस्न बाध्य तुल्याएको हुँदा अंश माग गर्दा तिमीहरु मेरो केही नाता पर्दैन भनी भनेको हुँदा न्याय माग्नको लागि आएको छु। बुबा प्रकाश राज पाण्डे र आमा टिकादेवी पाण्डेको गर्भबाट २०२७ साल कार्त्तिक २० गते मेरो जन्म भएको हो भन्ने वादी प्रदिपराज पाण्डेले नाता तर्फ गरेको बयान।

७. प्रकाशराज पाण्डे श्रीमान नाता पर्नुहुन्छ। सुनिता सौता, अनुराग राज, दिग्वीजयराज, संजयराज छोरा पर्दछन्। प्रदीपराज पाण्डे प्रतिवादी प्रकाश राज पाण्डे र मेरो छोरा हुन्। कुनै पनि स्वास्नी मानिसले त्यसै कसैलाई श्रीमान भन्दैन। वादी प्रदिपराज पाण्डेले गरेको बयान ठीक हो भन्ने टिकादेवी पाण्डेले गरेको बयान।

८. वादीसँग हाम्रो कुनै नाता पर्दैन। वादीको आमा टिकादेवीले दिएको अंश मुद्दामा नावालक छोरा र आफ्नो हकमा समेत सम्पूर्ण वादी दावी छाडी मिलापत्र गरी सक्नु भएको छ। वादी प्रदिपराज पाण्डेले म प्रकाशराजलाई बाबु नाता देखाई मेरो स्वीकृति वेगर लिएको नागरिकता प्रमाणपत्रका सम्बन्धमा किर्ते जालसाजी मुद्दा चलेको छ भनी प्रतिवादी प्रकाश राज एवं बुझिएका सुनिता, संजयराज र दिग्विजयराजका वारेश महादेव पण्डितले नाता सम्बन्धमा गरेको बयान।

९. वादीले मसँग नाता सम्बन्ध देखाएको झुठा काल्पनिक हो। निज मेरो दाजुभाइ वा कुनै पनि नाता सम्बन्ध भित्रको व्यक्ति होइनन्। नागरिकताको प्रमाणपत्रको सम्बन्धमा सम्मानित अदालतमा जालसाजी मुद्दा चलिरहेको हुँदा विपक्षी हामीहरुको कुनैपनि नाता सम्बन्धको व्यक्ति होइनन् भन्ने बुझिएका अनुराग राजका वारेश गोपाल बहादुर पोखरेलले नातातर्फ गरेको बयान।

१०. वादीका साक्षी कृष्ण प्रसाद पाठक तथा प्रतिवादीका साक्षी लक्ष्मी प्रसाद रंजितले आ-आफ्नो पक्षको दाबी एवं जिकिर समर्थन हुने गरी गरेको बकपत्र मिसिल संलग्न रहेको।

११. मिति २०५९।३।३२ को निवेदनसाथ पेस गरिएको फोटो जालसाजी गरी मेरो विरुद्ध प्रमाण बनाउन तयार गरिएको हो। विपक्षीले आफ्नो नागरिकता लिंदा आफ्नो जन्म मिति २०२७।७।२० भनी देखाएका छन्। मैले २०२७।३।३ मा राहदानी लिंदा सोमा प्रयोग भएको फोटो विपक्षीले प्रयोग गरेको हुँदा विपक्षीको जन्म हुनुभन्दा अगाडि नै खिचिएको फोटोलाई जोडेको देखिन्छ भन्ने प्रतिवादी प्रकाश राजले वादीले पेस गरेको फोटो सम्बन्धमा गरेको सनाखत बयान।

१२. निवेदनसाथ पेस गरेको फोटो सत्य साँचो हो। प्रतिवादीले भने जस्तो जालसाज व्यहोराबाट तयार भएको होइन भन्ने वादीको वारेश डोलराज पाण्डेले गरेको प्रतिउत्तर बयान।

१३. वादी प्रदिपराज पाण्डे प्रतिवादी प्रकाश राजको करणी वीर्यबाट टिकादेवीले जन्माएको प्रकाश राजको छोरा नाता कायम हुने ठहर्छ। यिनै वादीका आमा टिकादेवीले यी वादीको संरक्षक समेत भै यिनै प्रतिवादी उपर दिएको अंश मुद्दामा वादी दावी छाडी मिलापत्र गर्नुको साथै यी वादी सावालक भएपछि मिलापत्र भएको सो अंश मुद्दाको मिलापत्र बदर गरिपाउँ भनी यिनै वादी समेतले दिएको मिलापत्र बदर मुद्दामा यिनै वादी समेतले तारेखै छाडी मुद्दा तामेलीमा रहेको अवस्था समेतमा यिनै प्रतिवादी उपर यी वादी नावालक छँदा संरक्षक समेत भै वादीका आमाले दिएको मुद्दामा एकपटक अंश समेत नलिने गरी वादी दावी छाडी मिलापत्र गरी यी वादी सावालक भएपछि सो अंश मुद्दामा भएको मिलापत्र समेत बदर गरिपाउँ भनी पुनः दिएको मिलापत्र बदर मुद्दामा तारेख छाडी गुजारी बसी मुद्दा तामेलीमा रहीसकेपछि पुनः यिनै प्रतिवादी उपर अंशमा दावी लिन पाउने अवस्था समेत नहुँदा प्रतिवादीबाट अंश छुट्टयाई अंश दिलाई पाउँ भन्ने अंश तर्फको वादी दावी पुग्न नसक्ने ठहर्छ भन्ने व्यहोराको काठमाडौं जिल्ला अदालतबाट मिति २०६१।१०।२६ मा भएको फैसला।

१४. प्रकाश राजको छोरा नाता कायम गरी अंश तर्फको वादी दाबी नपुग्ने ठहर गरेको सुरु जिल्ला अदालतको फैसला त्रुटिपूर्ण हुँदा आमा टिकादेवीको परलोक भैसकेकाले ६ भागको १ भाग अंश दिलाई पाउँ भन्ने प्रदीपराज पाण्डेले पुनरावेदन अदालत पाटनमा दर्ता गराएको पुनरावेदन पत्र।

१५. टिकादेवी प्रकाश राजको पत्नी नभएको र प्रदिपराज प्रकाश राजको छोरा नभएको भनी मिति २०४०।२।३१ मा मिलापत्र भैसकेको अवस्थामा प्रदिपराज छोरा नाता कायम गर्ने गरी भएको सुरु फैसला त्रुटिपूर्ण हुँदा सो फैसला उल्टी गरिपाउँ भन्ने प्रकाश राजले पुनरावेदन अदालत पाटनमा दर्ता गराएको पुनरावेदन पत्र।

१६. खुसी राजीसँग अदालतमा मिलापत्र भैसकेको अवस्थामा एकपटक मुद्दा छाडी तारेख छाडीसकेको अवस्थामा अ.वं. ८५ नं. विपरीत समेत हुने गरी तथा सर्वोच्च अदालतबाट प्रतिपादित नजिर समेतको प्रतिकूल भएको सुरु जिल्ला अदालतको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी वादी दाबी खारेज गरिपाउँ भन्ने संजयराज शर्मा र अनुरागराज शर्माले पुनरावेदन अदालत पाटनमा दर्ता गराएको पुनरावेदन पत्र।

१७. यसमा वादी प्रतिवादीहरु दुवै पक्षले पुनरावेदन गरेको देखिएकोमा सुरु जिल्ला अदालतले नाता कायम हुने तर अंश नपाउने ठहऱ्याई भएको सुरु फैसला फरक पर्न सक्ने देखिंदा प्रस्तुत मुद्दामा अ.वं. २०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ को प्रयोजनको लागि एक अर्काको पुनरावेदन परेको जानकारी एक अर्कोलाई गराई नियम बमोजिम पेस गर्नू भन्ने पुनरावेदन अदालत पाटनबाट मिति २०६३।२।२ मा भएको आदेश।

१८. पेटवोलीबाट बुझिएकी टिकादेवीले बयान गर्दा आफूले पाएको नागरिकताको प्रमाणपत्र पेस गरेको र सो नागरिकताको सक्कलै प्रमाणपत्र पेस गर्न लगाई अ.वं. ७८ नं. बमोजिमको प्रक्रिया अपनाई निर्णय गर्नुपर्नेमा सो अनुसार नगरी साथै प्रकाश राजलाई लोग्ने भनेको भनी प्रमाणमा ग्रहण गरी वादीलाई छोरा नाताको ठहर गर्ने गरेको फैसला त्रुटिपूर्ण देखिएकाले सो काठमाडौं जिल्ला अदालतको मिति २०६१।१०।२६ को फैसला बदर गरिदिएको छ अब जो जे बुझ्नुपर्ने प्रमाण बुझी कानून बमोजिम ठहर निर्णय गर्नू भन्ने पुनरावेदन अदालत पाटनबाट मिति २०६३।६।३१ मा भएको फैसला।

१९. पुनरावेदन अदालत पाटनबाट केवल नागरिकताको प्रमाणपत्रलाई अ.वं. ७८ नं. बमोजिमको प्रक्रिया अवलम्बन नगरेकोले सो प्रक्रिया अवलम्बन गर्नको लागि सुरु पठाउने भनी ठहर फैसला भएको छ। कानूनतः सुरु अदालतले अवलम्बन गर्न छुटाएको सामान्य प्रक्रिया अवलम्बन गर्ने तथा प्रमाण बुझ्ने लगायतको अधिकार र कर्तव्य न्याय प्रशासन ऐन, २०४८ को दफा १४(ग) ले पुनरावेदन अदालतलाई सुरु जिल्ला अदालतको पुनरावेदन सुन्ने अदालत भएकोले प्रदान गरी तोकेको छ।

सो बमोजिम गरी अ.वं. ७८ नं. को प्रक्रिया अवलम्बन गर्नेपर्ने भएपनि पुनरावेदन अदालत पाटन स्वयंले सो बमोजिम गर्नुपर्नेमा नगरी गरेको फैसला न्याय प्रशासन ऐन, २०४८ को दफा १४ (ग) (घ) तथा यस अदालतबाट प्रतिपादित सिद्धान्तको प्रतिकूल हुँदा पुनरावेदन अदालत पाटनबाट काठमाडौं जिल्ला अदालतको फैसला उल्टी हुने गरी भएको मिति २०६३।६।३१ को फैसला बदर गरी कानून बमोजिम प्रमाण बुझी पुनरावेदन जिकिर बमोजिम न्याय ईन्साफ पाउँ भन्ने पुनरावेदक वादीको सर्वोच्च अदालतमा परेको पुनरावेदन पत्र।

२०. यसमा पुनरावेदन अदालत पाटन ललितपुरले नागरिकता समेतको विषयमा आफैले बोली निराकरण गर्न सक्ने अवस्था विद्यमान रहेकोमा सुरु जिल्ला अदालत पठाउने गरी गरेको फैसला न्याय प्रशासन ऐन, २०४८ को दफा १४(ग)(घ) समेतको परिप्रेक्ष्यमा त्रुटिपूर्ण देखिंदा अ.वं. २०२ नं. बमोजिम छलफलको निमित्त विपक्षीलाई झिकाई आएपछि नियमानुसार पेस गर्नू भन्ने सर्वोच्च अदालतबाट मिति २०६५।९।४ मा भएको आदेश।

२१. प्रस्तुत मुद्दामा फिराद परेको २०५७ सालदेखि यति लामो समयसम्म मुद्दा अन्तिम हुन सकेको अवस्था छैन। अब पुनः यस मुद्दालाई सुरु जिल्ला अदालतमा पठाई मुद्दाको निराकरण हुन अझ थप समय लाग्नेमा पनि विवाद देखिंदैन। अंश जस्तो नैसर्गिक तथा अपरिहार्य कुराको निराकरण चाँडो नभएको खण्डमा त्यसबाट पछि हुने उपलब्धीले कुनै समयमा कुनै अर्थ नराख्न सक्ने समेत हुँदा यसलाई चाँडो टुङ्गो लगाउनु आर्थिक, सामाजिक, कानून तथा न्यायको दृष्टिले समेत उपयुक्त हुने हुँदा न्याय प्रशासन ऐन,२०४८ को दफा १४ (ग) तथा मुलुकी ऐन, अदालती बन्दोवस्तको २०९ नं. बमोजिम पुनरावेदन अदालतबाट नै थप अन्य प्रक्रिया पुर्याई इन्साफ गर्नुपर्नेमा सो नगरी सुरु जिल्ला अदालतमा पुनः इन्साफ गर्न पठाएको पुनरावेदन अदालत पाटनको मिति २०६३।६।३१ को फैसला मिलेको नदेखिंदा बदर गरिदिएको छ। अब पेटबोलीबाट बुझिएकी टिकादेवीको नागरिकता प्रमाणपत्र लगायत निज वादीले पेस गरेको नागरिकताको प्रमाणपत्रको सम्बन्धमा अ.वं. ७८

नं. बमोजिम सद्दे किर्ते सुनाउनुपर्ने भए सुनाई र अन्य जो जे बुझ्नुपर्ने, गर्नुपर्ने गरी विवादित विषयका अन्य प्रमाणहरु समेत तहाँ पुनरावेदन अदालतबाटै बुझ्नुपर्ने भए मुलुकी ऐन, अदालती बन्दोबस्तको २०९ नं. बमोजिम सो समेत बुझी कानून बमोजिम कारबाही किनारा गर्नु भन्ने सर्वोच्च अदालतबाट मिति २०६६।५।१७ मा भएको फैसला।

२२. यसमा पुनरावेदक वादीले फिरादको कागज प्रमाण खण्डमा उल्लेख गरेको नागरिकता प्रमाणपत्रको सक्कलै प्रति निजबाट पेस गर्न लगाई पुनरावेदक प्रतिवादी मध्येका प्रकाशराज पाण्डेलाई अ.वं. ७८ नं. को प्रयोजनार्थ देखाई बयान गरी प्रक्रिया पूरा गरी नियमानुसार पेस गर्नू भन्ने पुनरावेदन अदालत पाटनबाट भएको आदेश।

२३. म का.जि.का.म.न.पा. वडा नं. १९ यट्खाटोलमा बस्ने भनी स्पष्ट उल्लेख भै नागरिकताको प्रमाणपत्र प्राप्त गरेको व्यक्तिको वतन का.म.न.पा. वडा नं. २१ लगनटोल ज्यावहाल उल्लेख गरी मेरो सनाखत समेत नगराई तत्कालिन वडा अध्यक्ष जुजुकाजी तण्डुकारले सिफारिस गरी नागरिकता टोलीमा टोली प्रमुखले सोही सिफारिसलाई आधार मानी दिएको विपक्षीको नागरिकता प्रमाणपत्र नं. २४०८/०४६ को नागरिकताको प्रमाणपत्र जालसाजीपूर्वक तयार पारिएको हो भन्ने प्रतिवादी प्रकाश राजले अ.वं. ७८ नं. बमोजिम गरेको बयान।

२४. मेरो नागरिकता प्रमाणपत्र नं. २४०८/०४६ को नेपाली नागरिकताको प्रमाणपत्र प्रचलित नागरिकता सम्बन्धी ऐन नियमको अधिनमा रही नेपाल सरकारको आधिकारिक निकायबाट अधिकारप्राप्त अधिकारीद्वारा प्रदान गरिएको हुँदा उक्त नागरिकताको प्रमाणपत्र जालसाजीबाट खडा भएको होइन। विपक्षीले मलाई अंश हकबाट वञ्चित गराउने दूषित मनसायबाट मनगढन्ते कहानी उल्लेख गरी जालसाजी भनेको सम्म हो। उक्त नागरिकताको प्रमाणपत्र सद्दे साँचो व्यहोराको हो भनी प्रदिपराज पाण्डेले अ.वं. ७८ नं. बमोजिम गरेको बयान।

२५. यसमा नागरिकताको फायल वा फायल उपलब्ध गराउने नसके कारण सहितको

जवाफ ७ दिनभित्र झिकाउने भन्ने मिति २०७१।८।२१ मा आदेश भै मिति २०७१।८।२३ मा जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट पत्र बुझेको र सो पछि पनि पटक-पटक पत्राचार हुँदा फायल पनि नपठाएको र जवाफ पनि नपठाएको देखिंदा न्याय प्रशासन ऐन, २०४८ को दफा २९ नं. बमोजिम जवाफ नपठाउने कार्यालयका प्रमुखलाई रु.१००/-जरिवाना गरी ७ दिनभित्र पूर्व आदेशानुसारको कागजात सम्बन्धी फाइल झिकाई नियमानुसार गरी पेस गर्नू भन्ने पुनरावेदन अदालत पाटनबाट मिति २०७१।९।२१ मा भएको आदेश।

२६. सम्मानित अदालतबाट भएको आदेश, निर्देशनको पूर्ण पालना एवम् आवश्यक सहयोग गर्ने कार्यालयको मनसाय रहेको र सोही बमोजिमको कार्य प्रक्रिया अपनाइएको सन्दर्भमा मिति २०७१।९।२१ को आदेशबाट यस कार्यालयका प्रमुखलाई रु.१००/- जरिवाना गर्ने गरी भएको आदेश पुनरावलोकन गरी स्थगित गरी पाउन सम्मानित अदालत समक्ष सादर अनुरोध गर्दछु भन्ने जिल्ला प्रशासन कार्यालय काठमाडौंको च.नं. २११६ को मिति २०७१।९।२८ पत्र।

२७. यसमा वादीले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्दा यी प्रतिवादी प्रकाशराज पाण्डेलाई बुबा देखाई नागरिकता प्रमाणपत्र लिएकोमा उक्त नागरिकता सम्बन्धमा गृह मन्त्रालयबाट मिति २०६६।९।२२ मा भएको निर्णयबाट उक्त नागरिकता यथावत रहिरहेको देखिएको, टिकादेवी पाण्डेले प्राप्त गरेको नागरिकता प्रमाणपत्र सम्बन्धमा विवाद नदेखिएको, निज टिकादेवीले अदालत समक्ष कागज गर्दा प्रकाशराज पाण्डे श्रीमान र प्रदिपराज पाण्डे छोरा हुन् भनी लेखाई दिएको व्यहोरा समेतबाट हालसम्म यी वादी प्रदिपराज पाण्डे प्रतिवादी प्रकाशराज पाण्डेका छोरा नाताको भन्ने कुरा अन्यथा नदेखिएको, वादी प्रतिवादीबीच कानून बमोजिम अंशवण्डा भैसकेको भन्ने समेत नदेखिएको अवस्था हुँदा यिनै वादी प्रतिवादीबीच चलेको यसै लगाउको विचाराधीन किर्ते जालसाजी मुद्दा समेतमा पछि ठहरे बमोजिम हुने गरी यी वादी/पुनरावेदक, प्रतिवादी/पुनरावेदक तथा सुरु अदालतमा अ.वं. १३९ नं. बमोजिम बुझिएका कारणी सरह देखिएका प्रतिवादीहरुसँग प्रस्तुत मुद्दाको फिराद परेको

अघिल्लो दिनसम्म आ-आफ्नो जिम्माको वण्डा गर्नुपर्ने सम्पूर्ण चल अचल श्री सम्पत्तिको तायदाती मुलुकी ऐन, अंशवण्डाको २०,२१,२२ र २३ नं. बमोजिम पेस गर्न लगाई लगाउको मुद्दा र निवेदन समेत साथै राखी कानून बमोजिम गर्नू भन्ने पुनरावेदन अदालत पाटनबाट मिति २०७१।१०।१८ मा भएको आदेश।

२८. पुनरावेदक वादी प्रदिपराज पाण्डेले मिति २०७१।११।१३ मा पेस गरेको तायदाती फाँटवारी मिसिल संलग्न रहेको।

२९. प्रतिवादी सुनिता शर्मा पाण्डेले मिति २०७१।१२।३ मा पेस गरेको तायदाती फाँटवारी मिसिल संलग्न रहेको।

३०. प्रतिवादी अनुरागराज शर्मा पाण्डेले मिति २०७१।१२।८ मा पेस गरेको तायदाती फाँटवारी मिसिल संलग्न रहेको।

३१. प्रतिवादी संजयराज शर्मा पाण्डेले मिति २०७१।१२।९ मा पेस गरेको तायदाती फाँटवारी मिसिल संलग्न रहेको।

३२. प्रतिवादी प्रकाशराज पाण्डेको नाममा रहेको सम्पत्तिको तायदाती फाँटवारी वादी प्रदिपराज पाण्डेले मिति २०७२।१।८ मा पेस गरी मिसिल संलग्न रहेको।

३३. यी पुनरावेदक र विपक्ष बाहेकका सुमनराज शर्मा समेत अन्य अंशियार समेत रहेको भनी जिकिर लिएको हुँदा यी पुनरावेदक र विपक्षीका के कति अंशियार छन् ति अंशियारहरुको नाम थर वतन समेत दुवै पक्षलाई अ.वं. १३३ नं. बमोजिम कागज गराई खुलाउन लगाई खुलाइएका अंशियार समेतका नाममा अ.वं. १३९ बमोजिम म्याद दिई झिकाई आएपछि नियमानुसार पेस गर्नू भन्ने पुनरावेदन अदालत पाटनबाट मिति २०७२।७।१५ मा भएको आदेश।

३४. मेरो बुवा प्रकाशराजको २ वटा श्रीमती हुन्। जेठी आमा लता शर्माको तर्फबाट संजय, अनुराग र कान्छी मेरी आमा सुनिता शर्मा तर्फबाट दिगविजय र म मात्र हौं। यति नै हामी अंशियार छौं र हामी बीच अंशवण्डा भएको छैन, मैले समेत अंश पाउनुपर्ने हो। प्रदिपराज हाम्रो अंशियार होइनन् भनी अ.वं. १३९ नं. बमोजिम

बुझिएका सुमन्त्रराज पाण्डेले गरेको बयान।

३५. वादी प्रदिपराज पाण्डे प्रतिवादी मध्येका प्रकाश राज पाण्डेको छोरा देखिन आएको हुँदा निजकी आमा टिका देवीले निज नाबालक हुँदा गरेको मिलापत्र वा भएको तामेलीबाट निजको अंशको हक मर्छ भन्न नमिल्ने हुँदा अंश नपाउने ठहर्याएको हदसम्म काठमाडौं जिल्ला अदालतको मिति २०६१।१०।२६ को फैसला उल्टी हुन्छ। वादीले प्रतिवादीबाट अंश पाउने देखिएकोले ललितपुर उपमहानगरपालिका वडा नं.४(झ) कि.नं. ८८ को घरजग्गा लतादेवि उपाध्यायलाई निजकी आमाबाट प्राप्त भएको र नामसारीबाट अनुराग र सन्जयको नाममा आएकोले सो घरजग्गा वण्डा नलाग्ने हुँदा सो बाहेक गरी प्रकाश राजको संयुक्त नाममा रहेको का.म.न.पा.वडा नं. २३ कि.नं. २२५ र २२९ को घरजग्गाहरुको हकमा प्रकाश राजको हक हुन आउने ३ खण्डको १ खण्डबाट र वादी प्रदिप राज पाण्डे र टिका देवी पाण्डेको नामको का.म.न.पा. वडा नं.१६ कि.नं. ६०१ को घरजग्गाको हकमा संयुक्त दर्ता रहेकोले प्रदिपराजको हक हुन आउने आधाबाट र अन्य तायदातीमा उल्लेखित दर्ता प्रमाणित भएका जग्गाहरुबाट वादी प्रदिप राज पाण्डेले ७ भागको १ भाग अंश पाई चलन समेत पाउने ठहर्छ। जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट माग बमोजिम अभिलेखको प्रतिलिपि प्राप्त भएको हुँदा यस अदालतको मिति २०७१।९।२१ को आदेशानुसार गरिएको जरिवाना स्थगित हुन्छ भन्ने व्यहोराको पुनरावेदन अदालत पाटनबाट मिति २०७२।१०।१० मा भएको फैसला।

३६. काठमाडौं जिल्ला अदालतमा दायर भएको अंश चलन मुद्दा मिति २०४०।२।३१ मा विपक्षी वादी र निजकी आमा टिकादेवी पाण्डे र म निवेदक प्रकाशराज बीचमा मिलापत्र हुँदा उक्त मिलापत्रमा टिकादेवी प्रकाशराजको पत्नी नभएको र प्रदिपराज निज प्रकाशराजको छोरा नहुँदा आफ्नो तर्फबाट र नाबालक प्रदिपराजको संरक्षक भई वादी दावी सम्पूर्ण छोडी मिलापत्र भएको छ। उक्त मिलापत्रलाई बदर गरिपाउँ भनी टिकादेवी र यिनै प्रतिवादी प्रदिपराजले तत्कालीन बागमती अञ्चल अदालतमा मुद्दा समेत दायर गरेकोमा बागमती अञ्चल अदालतबाट मिति २०४४।६।२६

मा मिसिल तामेलीमा राखिदिने ठहर्छ भनी ठहर आदेश भई आएको छ। यसबाट उक्त मिलापत्र अन्तिम भएर रहेको छ। यसबाट टिकादेवीले २०३३ सालमा लिएको भनिएको नागरिकतामा पति प्रकाशराज पाण्डे उल्लेख भएको भन्ने कुरा खण्डित भएको छ। २०२८ सालमा नै स्वास्नी दिलाई पाउँ भनी काठमाडौं जिल्ला अदालतमा टिकादेवी र निजका दाजु लिलानाथलाई विपक्षी बनाई श्याम बहादुर के.सी. ले मुद्दा दायर गरेको देखिन्छ। टिकादेवी पाण्डेले मिति २०३३।८।११ मा नागरिकता लिँदा ना.प्र.नं. १६०६८ को नागरिकतामा पतिको नाम थर प्रकाशराज पाण्डे लेखिएको छ। विपक्षीले मिति २०४६।३।७ मा र टिकादेवी पाण्डेले २०३३।८।११ मा नागरिकता प्राप्त गर्दा मेरो सहमति, सिफारिस र सनाखत समेत रहेको अवस्था छैन। यसबाट विपक्षी र टिकादेवीको नागरिकतामा म निवेदकको नाम उल्लेख भएको भन्ने कुरा स्वतः निष्क्रिय सरह रहेको छ। नागरिकताको प्रमाणपत्रलाई नाता कायम हुने वा नहुने भन्ने कुरामा प्रमाण लिन मिल्दैन। नागरिकताको प्रमाणपत्र नाताको प्रमाणपत्र होइन। विपक्षीको आमा टिकादेवीले नै प्रकाशराजसँग नाता सम्बन्ध नपर्ने भनी अधिकार प्राप्त निकायमा उपस्थित भई लिखित रुपमा आफनो कुरा व्यक्त गरी सकेकोमा सो कथनको विपरीत हुने गरी फैसला गर्नु त्रुटिपूर्ण छ। मिलापत्र बदर मुद्दा तामेलीमा गइसकेपछि सो तामेली सम्बन्धमा कुनै कारबाही नचलाई पुनः त्यसै विषयमा उही पक्ष विपक्ष भई बिपक्षीले सुरु अदालतमा पुनः मुद्दा दायर गरेकोमा निज विपक्षीको फिराद दावी मुलुकी ऐन अ.वं. ८५ नं. को प्राङन्यायको सिद्धान्त तथा प्रमाण ऐन, २०३१ को दफा ३४ को बिवन्धनको सिद्धान्त समेतको प्रतिकूल रहेको छ। DNA परीक्षण गर्न अस्वीकार गरेको भन्ने साँचो होइन। त्यस्तै DNA परीक्षण गर्ने भन्ने आदेश जिल्ला प्रशासन कार्यालय (अर्ध न्यायिक निकाय) बाट भएको हो, सक्षम अदालतबाट भएको होइन। DNA परीक्षण अदालतले आदेश गरेका बखत जहिलेसुकै पनि गर्न तयार छु। DNA परीक्षण गराई पाउँ भनी यसै पुनरावेदन मार्फत निवेदन समेत गर्दछु। यसै सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट ने.का.प. २०७२, अंक ५, नि.नं. ९३९५, पृष्ठ ७८५

मा पत्नीले पतिबाट अंश पाउन त्यस्तो महिला पतिको सत्यमा रहेको हुनुपर्ने र छोरा छोरीले पिताबाट अंश पाउनका लागि निज आफ्नो आमा बाबुबाट जन्मेको जैविक सन्तान हुनुपर्ने वा कानून बमोजिम धर्मपुत्र वा धर्मपुत्री राखेको हुनु पर्दछ। त्यसैगरी काठमाडौं जिल्ला अदालत समक्ष विपक्षीको फिराद मिति २०५७।३।९ मा दायर भएकोमा पुनरावेदन अदालत पाटनबाट फैसला गर्दा मिति २०६५।५।१८ मा हालैदेखिको बकसपत्र मार्फत प्राप्त गरेको का.जि.का.म.न.पा. वडा नं. १९ कि.नं. २०५३, २०५५ र १८१४ जग्गा समेत वण्डा हुने ठहर गरेको कानून विपरीत रहेको छ। प्रस्तुत मुद्दामा तायदाती फाँटवारी माग गर्ने आदेशमा समेत फिराद परेको अघिल्लो दिन कायम भएकोमा सो भन्दा पछि मिति २०६५।५।१८ मा प्राप्त भएको उक्त कित्ता जग्गाहरु वण्डा हुन सक्दैन। त्यस्तै उद्योग तथा वाणिज्य मन्त्रालयमा नोकरी गरी संचयकोषबाट आएको रकमले हालै देखिको बकसपत्रबाट खरिद गरेको ललितपुर जिल्ला ल.पु.उ.म.न.पा. वडा नं. ५ (ग) कि.नं. २८१ को जग्गा वण्डा गर्ने गरी गरेको फैसला समेत मिलेको छैन। उक्त सम्पत्ति म पुनरावेदकको निजी आर्जनको सम्पत्ति हुँदा वण्डा लाग्न सक्दैन। त्यस्तै आमा किरणकुमारी पाण्डेले सुर्वण शम्सेर ज.व.रा. बाट रिझाए बापत हालैदेखिको बकसपत्र मार्फत प्राप्त गरेको काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. २३ कि.नं. २२५ र ऐ.ऐ. कि.नं. २२९ को जग्गा वण्डा गर्ने गरी गरेको फैसला समेत मिलेको छैन। उक्त सम्पत्ति आमा किरण कुमारीको स्त्री अंशधनको सम्पत्ति भएको र आमाबाट म पुनरावेदक समेतले हालैको बकसपत्र मार्फत प्राप्त गरेको हुँदा निजी आर्जन भई उक्त सम्पत्ति वण्डा लाग्न सक्दैन। त्यस्तै चितवन जिल्ला गितानगर गा.वि.स. वडा नं. ५ को कि.नं. ६६४ र ऐ. ऐ. कि.नं. १४१२ को जग्गा हक हस्तान्तरण भई गई सकेको हुँदा उक्त जग्गा समेत वण्डा गरेको फैसला मिलेको छैन। त्यस्तै विपक्षीले दिएको तायदाती फाँटवारीमा निजको आमा टिकादेवी र प्रदिपराज पाण्डेको संयुक्त नाउँमा रहेको का.जि.का.म.न.पा.वडा नं. १६ कि.नं. ६०१ को जग्गालाई प्रदिपराजको हक हुन आउने आधाबाट मात्र वण्डा हुने भनी टिकादेवीको हकहिस्सा

कायम राखेको त्रुटिपूर्ण रहेको छ। टिकादेवी विपक्षीको आमा भई निजको परलोक भईसकेको अवस्थामा उक्त जग्गा विपक्षी प्रदिपराजको सम्पूर्ण एकलौटी हुनेमा सोतर्फ विवेचना नगरी आधा मात्र घरजग्गा वण्डा हुने ठहर गरेको समेत मिलेको छैन। अतः काठमाडौं जिल्ला अदालतको मिति २०६१।१०।२६ को फैसला उल्टी गरेको पुनरावेदन अदालत पाटनको मिति २०७२।१०।१० को फैसला पूर्णतः उल्टी गरी मेरो सुरु प्रतिउत्तर जिकिर तथा पुनरावेदन जिकिर बमोजिम गरिपाउँ भन्ने व्यहोराको पुनरावेदक प्रकाश राजको यस अदालतमा दर्ता हुन आएको पुनरावेदन पत्र।

३७. विपक्षलाई जन्म दिने आमाले नै नाता नपर्ने भनी प्रकाश राजसँग मिलापत्र गरेकोमा सोको विपरीत नागरिकता प्रमाणपत्र लिन मिल्दैन। पिता।पति प्रकाश राजले मिति २०३४।७।१४ मा नागरिकता प्रमाणपत्र लिनु भन्दा अगाडी विपक्षको आमाले मिति २०३३।८।११ मा नागरिकता लिएको स्थितिमा पिता नागरिक हुनुभन्दा अगावैको नागरिकता मान्य हुन सक्दैन। टिकादेवीले नागरिकता लिँदा प्रकाशराजको सनाखत एवम् मन्जुरी छैन। विपक्षीको आमा टिकादेवीले म पुनरावेदक समेत उपर काठमाडौं जिल्ला अदालत समक्ष अंश पाउँ भनी फिराद दायर गरेकोमा पछि निजले प्रकाश राज समेत उपरको नाता सम्बन्ध नरहेकोले सम्पूर्ण वादी दावी छोडी मिलापत्र गरेको अवस्थामा सो मिलापत्रको विपरीत हाल नाता कायम गरी अंश दिलाउने गरी फैसला गर्न मिल्दैन। मिति २०४०।२।३१ मा मिलापत्र भएपश्चात विपक्षले सो मिलापत्र बदर गरिपाउँ भनी दिएको वाग्मती अञ्चल अदालतबाट मिति २०४४।६।२६ मा तामेलीमा रहेको अवस्थामा निजले अंश एवम् नाता परित्याग गरेको प्रष्ट छ। विपक्षको आमाले संरक्षकको हैसियतमा नाता एवम् अंशको दावी नरहेको भनिरहेको र स्वयम् विपक्षले मिति २०२७।७।२० मा जन्म भएको अर्थात् मिति २०४४।६।२६ मा वाग्मती अञ्चल अदालतबाट तामेली रहँदा १६ वर्ष उमेर पुरा भैसकेको व्यक्ति भएकोमा आफ्नो हक हित बुझ्न सक्ने अवस्थामा रहेको व्यक्तिले अञ्चल अदालतमा दायर भएको मुद्दा छाडी सकेकोमा पुनः नाता रहेको

भनी अंश पाउँ भन्न मिल्ने होइन। विपक्षको फिराद पत्र खारेज गर्नुपर्नेमा नाता एवम् अंश दिलाएको फैसला अ.वं. ८५ नं.को कानूनी प्रावधान तथा प्राङ्न्यायको सिद्धान्त विपरीत छ। काठमाडौं जिल्ला अदालत समक्ष विपक्षीको फिराद मिति २०५७।३।९ मा दायर भएकोमा पुनरावेदन अदालत पाटनबाट फैसला गर्दा मिति २०६५।५।१५ मा हाम्रा पति।पिताले प्राप्त गरेको का.जि.का.म.न.पा. वडा नं. १९ कि.नं. २०५३, २०५५ र १८१४ को जग्गा समेत वण्डा हुने ठहर गरेको सर्वथा कानून विपरीत रहेको छ। प्रस्तुत मुद्दामा तायदाती फाँटवारी माग गर्ने आदेशमा समेत फिराद परेको अघिल्लो दिन कायम भएकोमा सो भन्दा पछि प्राप्त भएको उक्त कित्ता जग्गा वण्डा हुन सक्दैन। विपक्षीले दिएको तायदाती फाँटवारीमा निजको आमा टिकादेवी र प्रदिपराज पाण्डेको संयुक्त नाउँमा रहेको का.जि.का.म.न.पा. वडा नं.१६ कि.नं. ६०१ को जग्गालाई प्रदिपराजको हक हुन आउने आधाबाट मात्र वण्डा हुने भनी टिकादेवीको हकहिस्सा कायम राखेको सर्वथा त्रुटिपूर्ण रहेको छ। टिकादेवी विपक्षीको आमा भई निजको मृत्यु भएको अवस्थामा उक्त जग्गा विपक्षी प्रदिपराजको सम्पूर्ण एकलौटी हुनेमा सो तर्फ विवेचना नगरी आधा मात्र घरजग्गा वण्डा हुने ठहर गरेको समेत मिलेको छैन। अतः विपक्षी हाम्रा पति।पिता सँग नाता सम्बन्ध नपर्ने कुरा निजको आमा टिकादेवीले काठमाडौं जिल्ला अदालत समक्ष अंश मुद्दा दिएकोमा उक्त मुद्दामा मिति २०४०।२।३१ मा मिलापत्र हुँदा नाता सम्बन्ध नपर्ने भनी मिलापत्र गरेको, तत्कालिन बागमती अञ्चल अदालतमा दायर हुन आएको विपक्षीको विन्तिपत्र बमोजिमको मिलापत्र बदर मुद्दामा विपक्षीले तारेख गुजारी अञ्चल अदालतबाट मिति २०४४।६।२६ मा तामेलीमा रहन गएको अवस्था, विपक्षीले लिएको नागरिकता प्रमाणपत्र उक्त मिलापत्र भएपश्चात दूषित तवरबाट लिएको पति।पिताको मन्जुरी सनाखत नदिएको नागरिकताको सिफारिस गर्दा नाम ठेगाना नमिली मिति समेत अगाडि रहेको अवस्थामा उक्त नागरिकतालाई आधार लिई नाता कायम हुने ठहर गरी फैसला गरेको काठमाडौं जिल्ला अदालतको मिति २०६१।१०।२६ को फैसला एवम् विपक्षीलाई अंश दिलाउने गरी भएको

पुनरावेदन अदालत पाटनको मिति २०७२।१०।१० को फैसला गम्भीर त्रुटिपूर्ण भई प्रमाण ऐन, २०३१ को दफा ३,५४, अ.वं. ८०, ८५, १८२, १८४(क), १८५, अंशवण्डाको १,२,२०,२१,२२,२३ एवम् सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त समेतको विपरीत हुँदा सुरु काठमाडौं जिल्ला अदालतको मिति २०६१।१०।२६ को फैसला एवम् पुनरावेदन अदालत पाटनको मिति २०७२।१०।१० को फैसला बदर गरी विपक्षीको फिराद दावी खारेज हुने ठहर गरी इन्साफ पाउँ भन्ने व्यहोराको पुनरावेदक सुनिता शर्मा, दिग्विजयराज शर्मा, संजयराज शर्मा र अनुरागराज शर्माले यस अदालतमा दर्ता गराएको पुनरावेदन पत्र।

३८. यसमा मिति २०४०।२।३१ को मिलापत्र बदरमा दावी गरेको मुद्दा तामेलीमा रहेको देखियो। प्रत्यर्थी प्रदिपराज पाण्डेले नागरिकता लिने क्रममा प्रकाश राजले सनाखत गरेको पाइएन। नातामा विवाद देखिएपछि DNA समेतको परीक्षण गराउनु पर्नेमा सोसमेत नगरी भएको पुनरावेदन अदालत पाटनको फैसलामा प्रमाण मूल्याकंनको रोहमा फरक पर्न सक्ने देखिंदा छलफलका लागि मुलुकी ऐन, अदालती बन्दोबस्तको २०२ नं. बमोजिम प्रत्यर्थी झिकाई आएपछि नियमानुसार गरी पेस गर्नुहोला भन्ने यस अदालतबाट मिति २०७४।१२।६ मा भएको आदेश।

३९. यसमा मिति २०७४।१२।०६ मा यस अदालतबाट प्रत्यर्थी झिकाउने आदेशमा नातामा विवाद देखिएपछि DNA समेतको परीक्षण गराउने पर्नेमा सो समेत नगरी भएको पुनरावदेन अदालतको फैसला फरक पर्न सक्ने भनिएकोमा सो बमोजिम DNA परीक्षण भई प्रतिवेदन पेस भएको नदेखिएको हुँदा लाग्ने शुल्क निजहरुबाटै असुल गरी प्रत्यर्थी/वादी प्रदिपराज पाण्डे र पुनरावेदक/प्रतिवादी प्रकाश राज पाण्डेको DNA परीक्षण राष्ट्रिय विधि विज्ञान प्रयोगशालाबाट गराई परीक्षण प्रतिवेदन प्राप्त भएपछि नियमानुसार पेस गर्नू भन्ने यस अदालतबाट मिति २०७९।११।२८ मा भएको आदेश।

४०. **"विवादित प्रदिप राज पाण्डे (नमुना B को स्रोत) तथा दावी गरिएको बाबु प्रकाश राज (नमुना A को स्रोत) को डि.एन.ए. प्रोफाइल तुलना गर्दा प्रदिप राज पाण्डे (नमुना B**

**को स्रोत) को जैविक बाबु प्रकाश राज (नमुना A को स्रोत) होइन भन्ने पाइयो"** भनी राष्ट्रिय विधि विज्ञान प्रयोगशालाबाट DNA परीक्षण भई प्रमुख वैज्ञानिक अधिकृत दिनेश कुमार झाले दिएको प्रतिवेदन मिसिल संलग्न रहेको।

४१. राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको च.नं. १६५४ मिति २०७९।१२।१९ को पत्रसाथ प्राप्त भएको परीक्षण प्रतिवेदनको व्यहोरा मैले दिएको हो। सोमा भएको सहिछाप मेरै हो। यसमा विधिपूर्वक नमुना सङ्कलन गरी विश्वव्यापी रुपमा प्रचलित र विश्वसनीय किट तथा उपकरणहरुको प्रयोग गरी परीक्षण र विश्लेषण कार्य गरिएको सँगै अन्तराष्ट्रिय रुपमा प्रचलित सिद्धान्त अनुसार नै राय प्रतिवेदन दिएको हुँ। बच्चा र बावु बीच कम्तीमा तीन वा सोभन्दा बढी DNA गुण भिन्नता भए आरोपित बावुलाई वातिल गर्ने प्रावधान रहेको र यस मुद्दामा निजहरु बीच ११ वटा DNA गुण भिन्नता पाइएको आधारमा सो राय दिइएको हो भन्ने व्यहोराको परीक्षण गर्ने विशेषज्ञ राष्ट्रिय विधिविज्ञान प्रयोगशालाका प्रमुख वैज्ञानिक अधिकृत दिनेश कुमार झाले यस अदालतमा गरेको बकपत्र।

**यस अदालतको ठहरः**

४२. नियमबमोजिम पेशी सूचीमा चढी इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दाका मिसिल संलग्न कागजात अध्ययन गरियो।

४३. पुनरावेदक प्रतिवादीको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताद्वय श्री प्रकाश बहादुर के.सी. र डा.श्री चन्द्रकान्त ज्ञवाली एवं विद्वान् अधिवक्ताहरु श्री जगदिशचन्द्र पाण्डे, श्री प्रभुजी पन्त र श्री लिलाधर उपाध्यायले तथा प्रत्यर्थी वादी प्रदिपराज पाण्डेका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री शम्भु थापा र विद्वान् अधिवक्ताहरु डा.श्री अमरजिवी घिमिरे, श्री उमेश सिटौला, श्री राजेन्द्र सेढाईं र श्री कृष्ण थापाले देहाय बमोजिम बहस गर्नुभयो।

| पुनरावेदक प्रतिवादीका तर्फबाट | प्रत्यर्थी वादीका तर्फबाट |
|---|---|
| - पुनरावेदक प्रतिवादी प्रकाशराजले वादी प्रदिपराज पाण्डेसँगको नातामा सुरुदेखि नै इन्कारी रहेको तथा आफूलाई वादीले बाबु देखाई लिएको नागरिकतामा निज प्रकाशराजको सनाखत नभएको। केवल विपक्षीको नागरिकतामा पुनरावेदकको नाम उल्लेख गर्दैमा बाबु छोरा नाता कायम हुन नसक्ने।<br><br>- टिकादेवी पाण्डेसँग गरेको भनिएको बिवाह दर्ता छैन। न त परम्परागत शैलीले बिवाह गरेको नै देखिन्छ।<br><br>- टिकादेवीले पहिले दिएको अंश मुद्दामा आफू प्रकाशराजको श्रीमती नभएको र प्रदिपराज पाण्डेसमेत प्रकाशराजको छोरा नभएको भनी मिलापत्र भैसकेको र उक्त मिलापत्र अन्तिम भएर बसेको।<br><br>- प्रदिपराजसँग प्रकाशराजको डि.एन.ए. नमिलेको हुँदा वैज्ञानिक परीक्षणबाट बाबु छोराको नाता स्थापित हुन नसक्ने।<br><br>- वंश स्थापित नभएसम्म अंश पाउन नसक्ने हुँदा पुनरावेदन अदालत | - टिकादेवी पाण्डे प्रकाशराजको घरमा भान्से भै काम गर्न बसेको अवस्थामा प्रकाश राजसँगको शारीरिक सम्पर्कबाट प्रदिपराज पाण्डेको जन्म भएको।<br><br>- बाबु विनाको छोराको कल्पना गर्न नसकिने र टिकादेवीले निरन्तर प्रकाश राजलाई नै पति देखाइराखेकी।<br><br>- डि.एन.ए. बाहेकका सम्पूर्ण प्रमाणले प्रदिपराज पाण्डेको पिता प्रकाश राज नै भएको प्रष्ट भइरहको।<br><br>- डि.एन.ए. जाँच प्रतिवेदन अकाट्य प्रमाण नहुने।<br><br>- वादी र वादीको आमाको नागरिकतामा प्रकाशराजको नाम उल्लेख हुनु, प्रकाश राजसँग वादी र वादीको आमाको सँगै खिचेको फोटो, प्रदिपराज पाण्डेको विद्यालयका प्रमाणपत्रहरु र राहदानी लगायतका कागजातमा बाबुको नाम प्रकाशराज उल्लेख हुनु लगायतका प्रमाणले डि.एन.ए. जाँच प्रतिवेदनलाई खण्डित गरेको। |

| | |
|---|---|
| पाटनको फैसला उल्टी गरी पुनरावेदन जिकिर बमोजिम वादीको फिराद खारेज हुनुपर्ने। | - मिसिल संलग्न कुनैपनि प्रमाणले डि.एन.ए. प्रतिवेदनलाई समर्थन गरेको नदेखिने।<br>- बाबु छोरा बीच नाता कायम भई वादीले प्रतिवादीबाट अंश पाउने ठहर्‍याएको पुनरावेदन अदालत पाटनको फैसला सदर हुनुपर्ने। |

४४. यसमा, विपक्षी पिता प्रकाश राजको तीन श्रीमती मध्ये जेठी टिकादेवी पाण्डेबाट म फिरादीको जायजन्म भएको, माहिली लता पाण्डेको तर्फबाट २ भाई छोराको जन्म भै माइली आमा लता पाण्डेको २०५५ सालमा आफ्नो कालगतिले परलोक भएको र कान्छी आमाबाट १ छोराको जन्म भै हामी ७ अंशियार छौं। हामी बीच वण्डा भएको छैन। विपक्षीले अंश दिन इन्कार गरेकाले फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरी नियमानुसार बिवाह खर्च पर सारी ७ भाग लगाई ७ भागको १ भाग अंश छुट्टयाई पाउँ भन्ने फिराद दावी र वादी मेरो कुनै नाता भित्रको व्यक्ति नहुँदा निजलाई मैले अंश दिनुपर्ने दायित्व छैन। वादी नावालक हुँदा निजको आमा टिकादेवीले मेरो विरुद्धमा काठमाडौं जिल्ला अदालतमा दायर गरेको अंश मुद्दामा मिति २०४०।२।३१ मा लोग्ने स्वास्नी एवम् बाबु छोराको नाता एवम् अंशतर्फको सम्पूर्ण वादी दावी छाडी मिलापत्र भएको र वादीले दिएको मिलापत्र बदर मुद्दासमेत तामेलीमा राख्ने आदेश भईसकेको हुनाले प्रस्तुत मुद्दा खारेज हुनुपर्छ। वादीले मलाई बाबु देखाई लिएको नागरिकताको प्रमाणपत्रमा मेरो सनाखत र सहमति छैन। सो प्रमाणपत्र आफैमा जालसाजपूर्ण हुनुपर्छ। सो नागरिकतालाई प्रमाणमा लिन मिल्दैन। झुठा दावीबाट फुर्सद पाउँ भन्ने प्रतिउत्तर जिकिर रहेको प्रस्तुत मुद्दामा सुरु काठमाडौं जिल्ला अदालतबाट प्रतिवादी प्रकाशराज र वादी प्रदिपराज पाण्डे बीच बाबुछोराको नाता कायम हुने तर वादीको आमाले यी वादीको संरक्षक

भै दिएको अंश मुद्दामा वादी दावी छाडी मिलापत्र गर्नुको साथै यी वादीले पछि सो मिलापत्र बदर गरिपाउँ भनी दिएको मुद्दा तामेलीमा रहेको समेत कारणबाट अंशतर्फको दावी पुग्न नसक्ने ठहऱ्याएको सुरु फैसला पुनरावेदन अदालत पाटनबाट वदर भै वादीले पेस गरेको टीकादेवीको नागरिकतालाई अ.वं. ७८ नं. को प्रक्रिया अपनाई पुनः निर्णय गर्न भनी मिसिल सुरु काठमाडौं जिल्ला अदालतमा पठाइदिने निर्णय भएकोले वादीको तर्फबाट यस अदालतमा पुनरावेदन परी उक्त फैसला बदर भै सो अदालतबाट नै जो जे बुझ्नुपर्ने बुझी पुनः निर्णय गर्नु भनी भएको फैसला बमोजिम पुनः पुनरावेदन अदालत पाटनबाट निर्णय हुँदा आमा टिकादेवीले नाबालक वादीका हकमा गरेको मिलापत्र वा पछि भएको तामेलीबाट निजको अंशको हक मर्छ भन्न नमिल्ने हुँदा अंश नपाउने ठहऱ्याएको हदसम्म काठमाडौं जिल्ला अदालतको फैसला केही उल्टी गरी वादी प्रदिपराज पाण्डेले ७ भागको १ भाग अंश पाई चलनसमेत पाउने ठहऱ्याएकोमा प्रतिवादीले चित्त नबुझाई उक्त फैसला उल्टी गरिपाउँ भनी प्रतिवादी प्रकाश राजको अलग्गै र सुनिता शर्मा, दिग्विजयराज शर्मा, संजयराज शर्मा, अनुगराज शर्माको संयुक्त रुपमा यस अदालतसमक्ष पुनरावेदन पर्न आएको देखियो। दुवै पुनरावेदनमा मुख्य गरी देहाय बमोजिमको जिकिर लिएको देखियो।

- वादीसँग निजहरुको कुनै नाता सम्बन्ध नरहेको।
- वादी र वादीकी आमाले लिएको नागरिकताको प्रमाणपत्रमा बाबु र पति जनाए तापनि उक्त नागरिकताका प्रमाणपत्रहरुमा प्रकाश राजको आफ्नो सहमति, सिफारिस र सनाखत नरहेको।
- यी वादीकी आमाले आफ्नो र यी वादीको संरक्षक भई दायर गरेको अंशमुद्दामा मिति २०४०।२।३१ मा अंश तथा नातामा वादी दावी छाडी मिलापत्र गरेको र उक्त मिलापत्र बदर मुद्दा तामेलीमा रहेकोले सो मिलापत्र अन्तिम भई बसेको। उक्त तामेली सम्बन्धमा कुनै कारवाही नचलाई प्रस्तुत मुद्दा दायर गर्नु प्राङ्न्यायको सिद्धान्त विपरीत हुने।

- २०२८ सालमा नै स्वास्नी दिलाई पाउँ भनी काठमाडौं जिल्ला अदालतमा टिकादेवी र निजका दाजु लिलानाथलाई विपक्षी बनाई श्याम बहादुर खत्री क्षेत्रीले मुद्दा दायर गरेको।
- आफूले DNA परीक्षण गर्न अस्वीकार गरेको होइन। अर्ध न्यायिक निकायबाट DNA परीक्षण गर्ने आदेश गर्न नमिल्ने।

४५. उल्लिखित तथ्य, पुनरावेदन जिकिर तथा बहस बुँदा भएको प्रस्तुत मुद्दामा पुनरावेदक र प्रत्यर्थी दुवै तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरु तथा विद्वान् अधिवक्ताहरुको विद्वतापूर्ण बहस जिकिरसमेत सुनी देहाय बमोजिमका प्रश्नहरुको निरुपण हुनुपर्ने देखिन आयो।

**क. पितृत्वको निर्धारण के कस्ता आधार प्रमाणबाट गरिनुपर्ने हुन्छ? र प्रस्तुत मुद्दामा प्रतिवादी प्रकाशराज पाण्डे र वादी प्रदिपराज पाण्डेका बीच बाबु छोराको नाता कायम हुन सक्ने अवस्था छ वा छैन?**

**ख. पितृत्व निर्धारणमा आनुवंशिकी परीक्षण (Deoxyribonucleic Acid, DNA Test Report) को के-कस्तो भूमिका रहेको हुन्छ? DNA परीक्षण प्रतिवेदन विपरीत नाता सम्बन्ध स्थापित हुने वा नहुने अवस्था रहन्छ वा रहँदैन? र प्रस्तुत मुद्दामा गरिएको DNA परीक्षण प्रतिवेदनले वादी र प्रतिवादी बीचको नाता सम्बन्धलाई खण्डित गरेको अवस्था छ वा छैन?**

**ग. वादीकी आमा टीकादेवी पाण्डेले यी वादीसमेतको संरक्षक भै अघि दर्ता गरेको अंश मुद्दामा गरेको मिलापत्रबाट वादीको अंशहक जाने हो वा होइन ?**

**घ. वादी दावी बमोजिम अंश पाउने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको फैसला मिलेको छ, छैन ? पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन ?**

४६. अब पहिलो अर्थात् पितृत्व निर्धारण के कस्ता आधार प्रमाणबाट गरिनु पर्ने तथा यी वादी प्रतिवादी बीच बाबु छोराको नाता कायम हुन सक्ने अवस्था रहे नरहेको? भन्ने

प्रश्न तर्फ विचार गर्दा, मातृत्व निश्चयात्मक हुने र पितृत्व सधैं तर्कसङ्गत अनुमानका आधारमा निर्धारण गरिनु पर्ने (Maternity is always certain. Paternity is a matter of inferences) मान्यता विश्वका प्रायशः सबै कानूनी प्रणालीहरुमा रहेको पाइन्छ।[१] कानूनले नै अन्यथा प्रमाणित नभएसम्म विवाहित पतिलाई नै नवजात शिशुको पिता मानिने भनी अनुमान गर्नुपर्ने[२] व्यवस्था गरेबाट पितृत्वको निर्धारण मुलतः तर्कसङ्गत अनुमानमा आधारित भै गरिनु पर्ने भन्ने देखिन आउँछ। यद्यपि आनुबंशिकी परीक्षण (DNA Test) जस्ता प्रविधिको विकासले पितृत्वको निर्धारण पनि मातृत्व निर्धारण जस्तै निश्चयात्मक बनाउंन प्रयास नभएको होइन तर पितृत्वको प्रकृतिको कारण यसको निर्धारणमा अनुमानको अधिक्यता रहेको पाउन सकिन्छ। तथापि यसको अर्थ पितृत्वको निर्धारण कोरा अनुमानको आधारमा मात्र गरिनु पर्ने भन्ने कदापि होइन। जीव विज्ञानको क्षेत्रमा भएको चमत्कारिक विकासले हाल sperm banks, surrogacy र in-verto fertilizations जस्ता प्रविधिबाट बाबु आमा बीच शारीरिक सम्पर्क नभईकन पनि भ्रुण बन्ने वा बच्चाको जन्म हुन सक्ने प्रविधिको विकास भैसकेको भए तापनि कुनै पनि बच्चा जन्मनको लागि आवश्यक स्वाभाविक र प्राकृतिक पूर्व शर्त बाबु आमा बीचको यौन समागम नै हो। बाबु विनाको बच्चाको कल्पना पनि गर्न सकिंदैन। कानूनले यही प्राकृतिक-जैविक प्रक्रियालाई मध्यनजर गरी पितृत्व निर्धारणमा खण्डनीय अनुमानलाई स्थान दिएको सहजै बुझ्न सकिन्छ। यस अतिरिक्त पितृत्व निर्धारणसङ्ग सम्बन्धित कानूनी व्यवस्था मूलतः विवाह पद्धति (Institution of

---

[१] See Caesar Roy, **'Presumption as to Legitimacy in Section 112 of Indian Evidence Act Needs to be Amended'**, *Journal of the Indian Law Institute*, July- September 2012, Vol.54, No. 3, PP. 382-399. Also, James.J. Vedder and Brittney M. Millet, 'Parentage and the Modern Family', Vol.4, No. 4, 2018.

[२] मुलुकी देवानी संहिता, २०७४ को दफा १०६ ले "अन्यथा प्रमाणित भएकोमा बाहेक देहायको अवस्थामा जन्मिएको शिशु विवाहित पतिबाट जन्मिएको अनुमान गरिनेछः (क) विवाह भएको मितिबाट एक सय असी दिन पछि जन्मिएको। (ख) पतिको मृत्यु भएको वा वैवाहिक सम्बन्ध अन्त्य भएको मितिबाट दुईसय बहत्तर दिनभित्र जन्मिएको" भन्ने व्यवस्था गरेको पाइन्छ। त्यसैगरी प्रमाण ऐन, २०३१ को दफा ६ को उपदफा (घ) ले "पति पत्नीको वैवाहिक सम्बन्ध कायम रहेको अवधिमा जन्मेको वा सम्बन्ध विच्छेद भएको वा पतिको मृत्यु भएका मितिले दुई सय बहत्तर दिनभित्र जन्मेको सन्तान सो पतिकै सन्तान हो भनी अदालतले अनुमान गर्नेछ" भनी व्यवस्था गरेको छ। त्यसैगरी बेलायतको Family Law Reform Act 1969 को दफा २६, भारतको Indian Evidence Act, 1872 को दफा ११२, संयुक्त राज्य अमेरिकाको विभिन्न राज्यले Uniform Parentage Act जारी गरेको पाइन्छ।

marriage)[३] मा आधारित भएको देखिन्छ। जस अनुसार विवाह भएको वा वैवाहिक सम्बन्ध अन्त्य भएको खास अवधिभित्र जन्मेको बच्चा अन्यथा प्रमाणित नभएसम्म विवाहित पतिबाट जन्मेको मान्नु पर्ने व्यवस्था देखिन आउँछ। तर जब शिशु कानूनले निर्धारित उल्लिखित अवधि भन्दा अघिपछि जन्मन्छ वा आमाको विवाहको वैधानिक हैसियत विना शिशुको जन्म हुन्छ तब पितृत्व निर्धारणको प्रश्न जटिल बन्न जान्छ।

४७. प्रचलित कानूनले विवाहका लागि हुने खास उत्सव, समारोह, औपचारिकताको अनिवार्यता नगरी कुनै पुरुष वा महिलाले कुनै तरिकाले एक अर्कालाई पति पत्नीको रुपमा स्वीकार गरेमा[४] वा निजहरु बीच शारीरिक सम्पर्क भै महिलाले गर्भधारण गरी शिशु जन्मेको प्रमाणित भएमा त्यस्तो महिला र पुरुष बीच स्वतः विवाह भएको मानिने[५] व्यवस्था गरेको सन्दर्भमा लोग्ने स्वास्नी वा बाबु छोराको सम्बन्धको निर्धारण सबै अवस्थामा विवाह दर्ताको प्रमाणपत्र वा विवाह उत्सवको प्रमाण जस्ता औपचारिक प्रमाणमा आधारित हुन सैद्धान्तिक र व्यवहारिक रुपमा समेत सम्भव हुँदैन। यो वास्तविकतालाई यस अदालतले **शान्ति चौधरी (श्रेष्ठ) विरुद्ध चुडाबहादुर श्रेष्ठसमेत भएको अंश चलन** मुद्दामा बोलेको पाइन्छ। उक्त मुद्दामा **"विवाह दर्ता विवाहलाई पुष्टि गर्ने एक विश्वसनीय तथा आधिकारिक प्रमाण हो तर विवाह दर्ता नभएको अवस्थामा विवाह नै नभएको भनी निष्कर्षमा पुग्नु तर्कसङ्गत हुँदैन"**[६] भनी गरेको व्याख्याले विवाह वा नाता सम्बन्धको सामाजिक पाटोको प्रमाणिक महत्त्वतर्फ इङ्गित गरेको देखिन आउँछ।

/

---

[३] Indian Evidence Act, 1872 को दफा 112 मा valid marriage उल्लेख गर्दै "the fact that any person was born during the continuance of a valid marriage between his mother and any man, or within two hundered eighty days after its dissulation, the mother remaining unmarried, shall be conclusive proof that he is the legitimate son of that man, unless it can be shown that the parties to the marriage had no access to each other at any time when he could have been begotten." भनिएको छ।

[४] मुलुकी देवानी संहिता, २०७४ को दफा ६७

[५] मुलुकी देवानी संहिता, २०७४ को दफा ७४

[६] ने.का.प. २०७७, अंक २, नि.नं. १०४४२

४८. यस स्थितिमा लोग्ने स्वास्नी वा पिता पुत्रको नाता कायम हुन सक्ने नसक्ने प्रश्नको निरुपणमा कुनै घटना वा पक्षको आचरण र काम कारवाही जस्ता सामाजिक कानूनी पक्ष (Socio-Legal dimensions) लाई समेत ख्याल गरिनुपर्ने हुन्छ। प्रमाण ऐन, २०३१ को दफा ७ (ग) मा भएको अन्यथा प्रमाणित नभएसम्म "कुनै घटना, मानिसहरुका आचरण वा काम–कारोबारको सामान्य क्रम विचार गर्दा तर्कसंगतरुपमा अनुमान गर्न सकिने अन्य कुनै कुरा अदालतले अनुमान गर्न सक्नेछ।" भन्ने व्यवस्थाबाट अदालतले न्याय निरुपणका क्रममा सान्दर्भिक तथ्य र परिस्थितिको विश्लेषण गरी तर्कसङ्गत र विवेकपूर्ण ढङ्गले अनुमान गर्न सक्ने कानूनी आधार प्रदान गरेको अवस्था समेत देखियो। प्रस्तुत मुद्दामा पनि वादीकी आमा र प्रतिवादी बीच विवाह दर्ता जस्तो विवाहको औपचारिक प्रमाण रहेभएको नदेखिएको सन्दर्भमा निजहरु बीचको नाता सम्बन्ध कायम हुन सक्ने नसक्ने प्रश्नको निरुपण प्रमाण कानूनले प्रमाण ग्राह्य मानेका अन्य विभिन्न निकायले जारी गरेको कागजात वा प्रमाणपत्र, वादीको आमाले गरेको बयान तथा वादी प्रतिवादीको आचरण समेतका श्रोत प्रमाणमा आधारित भै गर्नुपर्ने हुन आयो।

४९. सो सम्बन्धमा हेर्दा प्रस्तुत मुद्दामा वादीले आफ्नो तथा आफ्नी आमा टिकादेवीको नागरिकताको प्रमाणपत्रलाई प्रतिवादीसँगको आफ्नो बाबुछोराको नाता पुष्टि गर्ने मुख्य प्रमाणका रुपमा जिकिर लिएको देखिन्छ। मिसिल संलग्न वादी प्रदिपराज पाण्डेले पेस गरेको जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट मिति २०४६।०३।०७ मा जारी नागरिकता नम्बर २४०८/०४६ को निजको नागरिकताको प्रमाणपत्रमा बाबुको नाम यिनै पुनरावेदक प्रतिवादी प्रकाशराज पाण्डे भनी उल्लेख गरेको देखिन्छ भने वादीकी आमा टिकादेवी पाण्डेका नाउँको मिति २०३३।८।११ मा सोही कार्यालयबाट जारी भएको ना.प्र.नं. १६०६८ को नागरिकताको प्रमाणपत्रमा पनि पतिको नाउँमा यिनै प्रतिवादी प्रकाशराज पाण्डेको नाउँ उल्लेख भएको पाइन्छ।

५०. हाम्रो कानूनी प्रणालीको परिवेशमा हेर्दा कानूनले तोकेको विशेष प्रक्रिया पूरा गरी निश्चित तथ्य र प्रमाणमा आधारित भएर मात्र नेपाली नागरिकताको प्रमाण पत्र जारी

गर्न सकिने कानूनी व्यवस्थाको सन्दर्भमा सोही कानून बमोजिम जारी भएको नागरिकताको प्रमाणपत्रमा उल्लिखित विवरण रद्द, संशोधन वा खारेज नभएसम्म त्यस्तो प्रमाणपत्रमा उल्लिखित विवरणलाई आधिकारिक मान्नुपर्ने देखिन आउँछ। वादीकी आमा टीकादेवीको नाउँमा प्रतिवादी प्रकाशराज पाण्डेलाई पति उल्लेख गरी वि. स. २०३३ सालमा नै र सोको झण्डैं १३ वर्ष पछि यी वादीका नाउँमा समेत वि.सं. २०४६ सालमा प्रतिवादीलाई बाबु उल्लेख गरी नागरिकताको प्रमाणपत्र जारी हुंदा कानूनले तोकेको रित प्रक्रिया पुरा नगरी यथार्थ तथ्य जाँचबुझ नगरी जारी भएको भनी मान्न सकिंदैन। यी वादीकी आमाले वि.स. २०३३ सालमा नागरिकताको प्रमाणपत्र जारी हुँदा भविष्यमा यी प्रतिवादीसँग मुद्दा पर्ला र प्रमाणका रुपमा पेस गर्नुपर्ने भनी झुठ्ठा विवरण उल्लेख गरी यी वादीलाई पति देखाई नागरिकताको प्रमाणपत्र लिएको भनी विश्वास गर्नुपर्ने कुनै आधार देखिँदैन, न त प्रत्यर्थी वादीका हकमा नै सो अवस्था छ। नागरिकताको प्रमाणपत्रलाई नाता कायम तथा अंश प्राप्त गर्ने महत्त्वपूर्ण आधारका रुपमा लिन सकिने भनी यस अदालतबाट **रोशन महर्जन समेत वि. सिद्धिलाल भन्ने भुयुचा महर्जन समेत** भएको अंश चलन मुद्दामा प्रतिपादित निम्न नजिर सिद्धान्तसमेत प्रस्तुत सन्दर्भमा उद्धृत गर्न सान्दर्भिक देखिन आयोः

**"वादीहरुले वंशजका आधारमा नागरिकताको प्रमाण पत्र लिएकोमा आफूले पति/पिताको हैसियतले सनाखत नगरेको र नागरिकता जालसाजीमा छुट्टै मुद्दा दिएको हुंदा त्यस्तो नागरिकतालाई प्रमाणमा लिई नाता कायम गर्न नमिल्ने भन्ने जिकिर लिएकोमा सरकारी कार्यालयबाट विशेष कानून अन्तर्गत जारी भएको नागरिकता जस्तो प्रमाणपत्र कसैले झुठ्ठा विवरणका आधारमा प्राप्त गरेमा सो बदर गराउने प्रक्रियाका सम्बन्धमा उक्त विशेष ऐनमा नै पृथक व्यवस्था रहेकोमा सो बमोजिम नगरी जालसाजी मुद्दा दिएको भरमा नागरिकताको प्रमाणपत्र विवादित भएकोले प्रमाणमा लिन नहुने भन्ने जिकिर समेत आधारहिन देखिने।"**[७]

[७] ने.का.प. २०६३, भाग ४८, अंक ११, नि. नं. ७७८४

५१. प्रस्तुत मुद्दामा पनि पुनरावेदक प्रतिवादीलाई पिता/पति देखाई लिएको यी वादी र वादीकी आमाको नामको नागरिकताको प्रमाणपत्र अद्यपि जीवितै छ। निजहरुले गलत विवरण पेस गरी यी प्रतिवादीलाई बाबु देखाई उक्त प्रमाणपत्र लिएको भए सोही कानून बमोजिम उक्त प्रमाणपत्र बदर गराउन सक्नुपर्नेमा त्यसरी बदर गराउन सकेको अवस्था छैन। यी प्रतिवादीले त्यसतर्फ जिल्ला प्रशासन कार्यालय काठमाडौंमा चलाएको कारवाहीबाट दावी बमोजिम नागरिकता बदर भएको नदेखिएको र उक्त कार्यालयबाट भएको निर्णय गृह मन्त्रालयबाट समेत सदर भएको अवस्था समेत देखिन्छ। **प्रतिवादीले हाल आएर वर्षौं अघि लिएको उक्त नागरिकताको प्रमाणपत्रमा उल्लिखित विवरणको खण्डन गर्दै उक्त प्रमाणपत्र लिंदाको बखत त्यसमा आफ्नो सनाखत नभएको जालसाजी भनी जिकिर लिएको देखिएतापनि वादीले प्रस्तुत अंशचलन मुद्दाको फिराद दायर गरेपछि मात्र नागरिकता बदर तथा जालसाजी तर्फ कारबाही चलाएको देखिएकाले उक्त कारबाही केवल अंश मुद्दामा प्रमाण सृजना गर्ने हेतु चलाएको देखिंदा सो जिकिरको कुनै प्रामाणिक महत्त्व देखिन आएन।** नागरिकता लिएको लामो समयसम्म यी प्रतिवादीले उक्त नागरिकतालाई स्वीकार गरी बसेको अवस्था देखिंदा प्रतिवादीको आचरणद्वारा विवन्धित भएको देखियो। साथै यस सम्बन्धमा यीनै पुनरावेदक प्रतिवादीले दायर गरेको लगाउको ०७४-CR-१२७१ नम्बरको जालसाजी मुद्दामा आज यसै इजलासबाट वादीको नागरिकताको प्रमाणपत्र जालसाजी घोषित गरिपाउँ भन्ने वादी दावी पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको फैसला सदर हुने ठहरी फैसला भएको समेतका आधार प्रमाणबाट समेत वादीको नागरिकताको प्रमाणपत्रलाई अन्यथा भन्न मिल्ने देखिएन।

५२. यस अतिरिक्त, प्रत्यर्थी वादी प्रदिप राज पाण्डेको मिसिल संलग्न शैक्षिक योग्यताका प्रमाणपत्रहरुमा पनि बाबुको नाउँ प्रकाशराज पाण्डे नै उल्लेख भएको देखिन्छ। मिसिल संलग्न यस्ता प्रमाणपत्र हेर्दा यी वादीले विद्योदय प्राथमिक विद्यालयबाट जिल्ला स्तरीय प्राथमिक परीक्षामा सामेल भई निजका नाममा मिति २०३६।९।१२ मा जारी कायम मुकायम प्रधानाध्यापक विष्णुहरी ढुंगाना र जिल्ला शिक्षा

अधिकारीको समेत हस्ताक्षर रहेको २०३६ सालको जिल्ला स्तरीय प्राथमिक परीक्षाको लब्धाङ्क पत्रमा यी वादीको बाबुको नाउँ प्रकाशराज पाण्डे नै उल्लेख छ। साथै मिति २०४५।१०।११ मा जारी २०४५ सालको एसएलसी टेष्ट परीक्षा (S.L.C. Test Examination, 2043 B.S.) को चारित्रिक प्रमाणपत्रमा वाल सेवा माध्यामिक विद्यालय, झोछें नुशाल (Bal Sewa Madhyamaik Vidyalaya, Jhochhen Nhusal) र सोही विद्यालयबाट जारी मिति २०४६।०५।२१ को २०४६ सालको एसएलसी परीक्षा (S.L.C. Examination, 2046 B.S.) को चारित्रिक प्रमाणपत्रमा समेत यीनै प्रतिवादी प्रकाशराज पाण्डेलाई बाबु उल्लेख भएको देखिन्छ। यस अतिरिक्त यी वादीको नाउँको मिति २०४७।१२।२४ मा यातायात व्यवस्था कार्यालय वाग्मतीबाट जारी भएको ००६-७१७०१४ नम्बरको सवारी चालक अनुमति पत्र, क्रम संख्या १२१३ तथा मतदात नं. ४२५१३२८ भएको मतदाता परिचय पत्र, मिति २०७१।०१।०४ मा जारी PAN नम्बर १०४४८८९२८ भएको स्थायी लेखा नम्बर परिचय पत्र, प्रदिपराज तथा टिकादेवीसेतको संयुक्त नाउँको मिति २०४९।१०।०१ को वाग्मति अञ्चल काठमाडौं जिल्ला काठमाडौं नगरपालिका वडा नं. १९क कित्ता नं. ६०१ को ०-२-२-० जग्गाको जग्गाधनी दर्ता प्रमाण पूर्जा, यी वादीको मिति २०५३।०१।२६ को दर्ता नं. २०२७०७२०००३८-२०३२०३३०००१२४ रहेको विवाहदर्ताको प्रमाणपत्र तथा यी वादीकी आमा टिकादेवीको मिति २०६१।९।२१ को द.नं. १४५७।०६१ को मृत्यदर्ता प्रमाणपत्रसमेतका सम्पूर्ण कागजातहरुमा यी पुनरावेदक प्रतिवादीलाई पति पिता जनाइरहेको देखिन्छ।

५३. प्रमाण ऐन, २०३१ को दफा १९ मा "**कुनै निस्सा वा प्रमाणपत्र दिने कानूनी कर्तव्य भएका व्यक्तिले प्रचलित नेपाल कानून बमोजिम दिएको निस्सा वा प्रमाणपत्र प्रमाणमा लिन हुन्छ।**" भन्ने कानूनी व्यवस्था देखिएको र माथि उल्लिखित प्रत्यर्थी वादीको शैक्षिक योग्यताको प्रमाणपत्र लगायतका मतदाता परिचयपत्र, सवारी चालक अनुमति पत्र तथा जग्गा धनी प्रमाण पूर्जा जस्ता सरकारी निकायबाट कानूनबमोजिम जारी

भएका निस्सा प्रमाणलाई यस सन्दर्भमा महत्त्वपूर्ण प्रमाणका रुपमा ग्रहण गर्नुपर्ने देखिन आयो। यसरी वादीकी आमा टिकादेवीका हकमा मात्र नभई दोश्रो पुस्ताका यी वादी र तेस्रो पुस्ताका वादीको छोरी प्रशुमा पाण्डेको मिति २०७२।०८।०९ को जन्म दर्ता प्रमाणपत्रबाटसमेत वादीका पिता यिनै प्रतिवादी देखिएको स्थितिमा समन्याय (equity) का दृष्टिले समेत यी प्रतिवादीले नातामा विवाद उठाउन सक्ने अवस्था छैन। यो आफैमा एक मार्मिक अवस्था समेत हो। वस्तुतः यी वादीको प्राथमिक तहदेखिको शैक्षिक योग्यताको प्रमाणपत्रदेखि आमा टिकादेवीको मृत्यु दर्ता प्रमाणपत्र एवम् मतदाता परिचय पत्र, चालक अनुमति पत्र, जग्गा धनी दर्ता प्रमाण पूर्जा, विवाह दर्ता प्रमाणपत्र लगायतका कागजातहरु सामाजिक स्वीकार्यताको अभिव्यक्ति पनि हो। यी प्रमाणहरु प्रस्तुत मुद्दा परेपछि जारी गरिएको भन्ने नदेखिंदा यस्ता कागजातलाई प्रमाणको प्रयोजनका लागि खडा गरिएका कागजात भनी मान्नु पनि उचित देखिएन। वर्षौंसम्म यी प्रमाणपत्रमा उल्लेखित व्यहोरामा कुनै प्रश्न उठेको देखिंदैन। उल्लिखित तथ्यलाई वादी प्रतिवादी पक्षले व्यवहारिक वा आचारणगत रुपमा स्वीकार गरेको अवस्था समेत छ। **वादी प्रतिवादीहरुको लामो समयसम्मको आचरण सामाजिक स्वीकार्यताको अभिव्यक्ति हो। वस्तुतः यही सामाजिक स्वीकार्यतामा आधारित भै व्यक्तिको व्यक्तित्व विकास र सामाजिक पहिचान कायम हुने भएकाले नाता कायम जस्तो सामाजिक कानूनी प्रश्नको निर्धारणमा पक्षको आचरण र सामाजिक स्वीकार्यता जस्ता विषयलाई समेत सम्बद्ध तथ्यका रुपमा प्रमाणमा लिनुपर्ने देखिन्छ।**

५४. यस सन्दर्भमा **नाबालक रित्सु मिश्रको हकमा र आफ्नो हकमा समेत लक्ष्मीकुमारी मिश्र (श्रेष्ठ) विरुद्ध मखमली मिश्रसमेत** [८] अंशचलन मुद्दामा यस अदालतको पूर्ण इजलासबाट प्रतिपादित मतदाता परिचयपत्र, मतदाता नामावलीमा भएको पारिवारिक विवरण र सवारी चालक अनुमतिपत्र लगायतका सरकारी निकायबाट जारी भएका कागजातहरु बैधानिक कागजात भएका र उक्त कागजातहरुको प्रयोजन अलग अलग

[८] ने.का.प. २०७३, भाग ५८, अंक १२, निर्णय नं. ९७२४

भएपनि त्यस्ता कागजपत्रमा उल्लिखित नाता सम्बन्ध झुट्ठा हुन् भन्ने आधार नदेखिएको अवस्थामा सोबाट नाता कायम हुने भन्ने नजिर सिद्धान्त प्रस्तुत मुद्दाका हकमा समेत आकर्षित हुने देखिन आयो।

५५. यसैगरी पितृत्व निर्धारणको अर्को महत्त्वपूर्ण कडीका रुपमा आमाको कथनलाई लिनुपर्ने हुन्छ।[९] पितृत्व निर्धारणको प्रश्न अनुमानमा आधारित भई निर्धारण गरिनुपर्ने प्रकृतिको विषय देखिएकाले आमाको भनाईको महत्त्व रहनु स्वाभाविक हो। यद्यपि आमाको भनाई समेत मिसिल प्रमाणबाट समर्थित नभएको अवस्थामा केवल निजको भनाईलाई मात्र आधार मानी पितृत्व निर्धारण गरिनु उचित र न्यायसंगत हुँदैन। **शिशुको पिता पहिचान गर्न सक्ने सबैभन्दा भरपर्दो एवम् विश्वसनीय श्रोत आमा स्वयम् हुने हुँदा निजको कथनलाई महत्त्वपूर्ण प्रमाणको रुपमा हेर्नुपर्ने हुन्छ। यस क्रममा आमाको कथनमा स्थिरता र एक रुपता (Consistency) भए नभएको, निजको अभिव्यक्ति मिसिलबाट देखिने तथ्य, परिस्थिति र अन्य प्रमाणबाट समर्थित भए नभएको वा स्वाभाविक र तर्कसंगत भए नभएका जस्ता पक्षबाट सत्यापन परीक्षण गरेर मात्र प्रमाणमा ग्रहण गरिनु पर्ने आवश्यकतालाई भने इन्कार गर्न सकिंदैन।** न्याय निष्पादनको प्रक्रियामा यो अपरिहार्य पनि हो।

५६. यस सन्दर्भमा अब प्रस्तुत मुद्दाका वादी प्रदिपराज पाण्डेको पितृत्वको सन्दर्भमा निजको आमा टिकादेवी पाण्डेको के कस्तो कथन रहेको छ भन्ने सम्बन्धमा हेर्नु आवश्यक देखियो। सो सन्दर्भमा हेर्दा, प्रस्तुत मुद्दामा सुरु काठमाडौं जिल्ला अदालतले निज टिकादेवी पाण्डेलाई अ.व. १३९ नं. बमोजिम झिकाई बयान गराउँदा निजले "यी प्रतिवादी प्रकाश ए राज पाण्डे मेरा श्रीमान र वादी प्रदिपराज पाण्डे मेरो पति प्रकाश ए राज पाण्डेका छोरा हुन्। हाम्रो अंशियारमा मेरो तर्फ छोरा प्रदिपराज, माइली सौतापट्टि २ छोरा र कान्छी पट्टी एक छोरा छन्। माइली सौताको परलोक

[९] हेर्नुहोस: बच्ची विष्ट क्षेत्री विरूद्ध कविन्द्रबहादुर क्षेत्रीसमेत, मुद्दाः लोग्ने कायम गरी अंश माना-चामल पाउँ (ने.का.प. २०३४, भाग १९ अंक ५ नि.नं. १०५२), देवी गुरुङ्ग वि. नीता गुरुङ्ग, मुद्दाः नाता कायम (ने.का.प. २०६८, भाग ५३, अंक ३, नि.नं. ८५७८)

भै सक्यो। सातजना अंशियार छौं। हामीहरु बीच हालसम्म अंशवण्डा भएको छैन। मेरो र पति प्रकाशराजको बीच २०२६ सालतिर बिहे भएको हो” भनी पुनरावेदक प्रतिवादीसँग आफ्नो वैवाहिक सम्बन्ध कायम रही निजबाटै गर्भधारण गरी प्रत्यर्थी वादीलाई जन्म दिएको भनी एकिन साथ बयान गरेको देखिन्छ। यसबाट वादीले आफ्नो फिरादमा यी प्रतिवादीका तीन श्रीमती मध्ये आफू जेठी तर्फको छोरा रहेको र आफूहरुको अशंवण्डा समेत नभएको हुँदा प्रतिवादी प्रकाशराज पाण्डेबाट अंश पाउनुपर्ने भनी दावी गरेको तथ्य र निजको आमाले अदालतमा व्यक्त गरेको कथनमा एकरुपता देखिन आउँछ।

५७. यस अतिरिक्त, निज टिकादेवी पाण्डेले निजका पति तथा प्रतिवादी प्रकाशराज पाण्डेका विरुद्ध अघि काठमाडौं जिल्ला अदालतमा मिति २०३।०२।१४ मा दायर गरी मिति २०४०।२।३१ मा मिलापत्र भएको दे.मि.नं. २२८९ को अंशमुद्दामा समेत माथि उल्लिखित बेहोरा सँगै आफू प्रतिवादी प्रकाश राजको श्रीमती भएको, निजकै शतमा अडिग रहेको र निजबाटै गर्भधारण गरी यी वादी प्रदिप राज पाण्डेलाई जन्म दिएको भनी प्रत्यर्थी वादी प्रदिपराज पाण्डे प्रतिवादी प्रकाशराज कै छोरा भएको भन्ने सम्बन्धमा निश्चयात्मक र एकिन साथ दावी लिई सोही अनुरुपको बयान गरेको देखिन आउँछ। यी वादीकी आमा र प्रतिवादी बीच चलेका उल्लिखित विभिन्न मुद्दाहरुमा वादी र स्वयं प्रतिवादी पक्षका साक्षीको बकपत्रबाट समेत यी वादीका आमा प्रतिवादीको घरमा भान्से बसेको र सोही क्रममा निज गर्भवती भई बच्चा जन्माएको भन्ने तथ्य खुल्न आउँछ। स्वाभाविक र सिलसिलेबार रुपमा गरिएका ती बकपत्रबाट पनि वादीले फिरादमा दावी लिएको तथ्य समर्थित हुन आउँछ।

५८. यस प्रकार, यी वादी तथा निजकी आमा र प्रतिवादीहरु बीच पटक पटक परेका मुद्दावाट उजागर भएको तथ्यलाई हेर्दा एक अवला र असहाय महिलाका रुपमा करिव २० वर्षकी टिका देवी पाण्डे आज भन्दा झण्डै ६ दशक अगाडि २०२३ साल तिर आफन्तको सल्लाहमा जीवनको सहारा खोज्दै दुर्गम पहाडी गाउँबाट राजधानी काठमाडौं आई प्रतिवादी प्रकाश राज पाण्डेको घरमा भान्सेका रुपमा काम

गरी जीवन निर्वाह गर्न सुरु गरेको देखिन्छ। निजको भनाई अनुसार भान्सेको रुपमा काम गर्दा गर्दै यी प्रतिवादी प्रकाशराज पाण्डेसँग करणी लिनु दिनु भै गर्भवती हुन गएकी र सोही गर्भबाट यी वादीको जायजन्म भएको भन्ने देखिन आउँछ। निज आफ्नो भनाईमा स्थिर र एकरुप रहेको भन्ने निजले वि.सं. २०३३ सालमा नै प्रतिवादीलाई पति देखाई नागरिकताको प्रमाण पत्र लिएबाट स्पष्ट हुन आउँछ। प्रतिवादी प्रकाशराज पाण्डेले उक्त नागरिकता आफूले सनाखत नै नगरेको भन्ने जिकिर लिएको देखिए तापनि असहाय भई जीवन यापनका लागि अर्काको घरमा सहारा लिई जीवन यापन गरेकी एक निरक्षर र राज्यको निकायमा पहुँचको कल्पना पनि गर्न नसक्ने ती महिलाले यी प्रतिवादीको सहयोग र सहजीकरण बिना निजको नाउँबाट नागरिकताको प्रमाणपत्र लिन सम्भव देखिंदैन। यसबाट पुनरावेदक प्रतिवादी प्रकाश राज पाण्डेले वादीकी आमा टीकादेवीलाई पत्नीको रुपमा स्वीकार गरी निजकै सक्रियतामा निज टीकादेवीले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको स्पष्ट हुन आउँछ।

५९. प्रस्तुत मुद्दाको सन्दर्भमा विचार गर्नुपर्ने अर्को महत्त्वपूर्ण पक्ष के छ भने वादीकी आमा टिकादेवी पाण्डेको अवस्थालाई हेर्दा निजलाई २१ औं शताब्दीको आर्थिक-सामाजिक परिवेशमा हुर्के बढेकी आफ्नो अधिकारको संरक्षण वा हक हितका लागि सशक्त रुपमा आवाज उठाउन सक्ने महिलाको रुपमा वा निहित उद्देश्यले अमुक व्यक्तिलाई बच्चाको पिता भनी देखाईदिन सक्ने प्रवृत्तिका रुपमा लिन मिल्ने देखिंदैन। अपितु निजको कथनलाई तत्कालिन आर्थिक सामाजिक संरचनाको परिवेशमा एक असहाय महिलाले आफ्नो सतित्व वा जातकको पितृत्वको सम्बन्धमा व्यक्त स्वाभाविक कथनका रुपमा हेरिनु पर्दछ। यदि प्रतिवादीको करणीबाट वादीको जन्म नभएको भए निजकै घरमा भान्सेको रुपमा आश्रय लिएकी निज टिकादेवीले यी प्रतिवादीलाई बच्चाको बाबु भनी बताउन सक्ने अवस्था थियो त? तत्कालीन समयको निजको परिवेशबाट सोच्न आवश्यक हुन्छ। यद्यपि निज टिकादेवीले अन्य कुनै कारणबाट प्रभावित भई झुठ्ठा बोली प्रतिवादीलाई वादीको बाबु देखाएको त

होइन भन्ने सम्बन्धमा न्यायकर्ताले निजको कथनलाई समेत सतर्कतापूर्वक हेर्नुपर्ने कर्तव्य त छदैछ तर पनि माथि विवेचित निजको व्यक्तिगत तथा तत्कालीन सामाजिक परिवेश समेतका सन्दर्भमा यी वादी प्रतिवादी बीचको नाताका सम्बन्धमा वादीकी आमा टिकादेवी पाण्डेको कथनलाई अन्यथा मान्न मिल्न देखिंदैन। निजको भनाईलाई सत्य साँचो मानी महत्त्वपूर्ण प्रमाणको रुपमा ग्रहण गर्नुपर्ने देखियो।

६०. **सामान्यतः मुद्दाका पक्षहरुको चरित्र वा आचरण प्रमाणमा लिन मिल्दैन र लिइदैन पनि। तर पितृत्व निर्धारण वा नाता कायम जस्ता मुद्दामा पक्षको आचरण नै मुद्दाका महत्त्वपूर्ण प्रमाणका रुपमा रहन पुगेको हुन्छ।** प्रस्तुत मुद्दाको सन्दर्भमा मिसिलबाट उजागर भएका दुईवटा आचरणगत पक्ष पनि यहाँ उल्लेख गर्नु आवश्यक देखियो। **पहिलोः-** यी वादीकी आमा टिकादेवी पाण्डेले वादीलाई जन्म दिएपछि काठमाडौं जिल्ला अदालतमा मिति २०२८।०६।०३ मा टिकादेवी पाण्डेका विरुद्ध श्याम वहादुर क्षेत्री खत्रीले स्वास्नी र छोरा जिम्मा पाउँ भनी फौ. ५९७ को स्वास्नी दिलाई पाउँ मुद्दा दायर भएको देखिन्छ। उक्त मुद्दामा पछि वादीले तारिख छाडी मिति २०२९।०३।३१ मा डिसमिस भएको देखिए तापनि लोग्नेले छाडेको धेरै लामो समयको अन्तरालपछि लोग्नेको अस्तित्वको बारेमा राम्रो थाहा जानकारी नपाएकी एक महिला उपर अमुक व्यक्ति लोग्ने बनी धेरैपछि जन्मेको बच्चा समेत जिम्मा पाउँ भनी मुद्दा दायर हुनु स्वाभाविक नभई संशयपूर्ण देखिन्छ। यसबाट निज टिकादेवीले प्रत्यर्थी वादीलाई जन्म दिएपछि निज टिकादेवी अर्कैको श्रीमती भएको र वादी प्रदिपराज पाण्डे समेत यी प्रतिवादी प्रकाशराज पाण्डेको छोरा होइनन् भनी देखाउन प्रमाण खडा गरिएको त होइन? भन्ने प्रश्न खडा भएको देखिन्छ। यद्यपि उक्त मुद्दामा पुनरावेदक प्रतिवादीको कुनै प्रत्यक्ष भूमिका देखिंदैन। तर पुनरावेदक प्रतिवादीको तर्फबाट उपस्थित विद्वान कानून व्यवसायीहरुले सो मुद्दाको सन्दर्भमा समेत जिकिर लिएको भएतापनि सो मुद्दा परेका कारण यी वादी र निजकी आमा टीकादेवीको प्रतिवादी सँगको नाता सम्बन्धमा कुनै प्रभाव नपर्ने स्पष्ट हुन आवश्यक देखियो।

६१. दोश्रोः- यसैगरी प्रत्यर्थी वादीकी आमा टिकादेवीले यी वादी समेतका हकमा संरक्षक भै मिति २०३९।२।१४ मा काठमाडौं जिल्ला अदालतमा दायर गरेको दे.मि.नं. २२८९ को अंश मुद्दा मिति २०४०।२।३१ मा मिलापत्र भएकोमा सो मुद्दामा भएको मिलापत्रको वेहोरा समेत प्रस्तुत मुद्दामा उल्लेख गर्नु सान्दर्भिक देखिन आयो। यद्यपि कानून बमोजिम मिलापत्र गर्न मिल्ने मुद्दामा पक्षहरुले स्वतन्त्र रुपमा स्वीकार गरेको शर्तमा मिलापत्र गर्नु कानून बमोजिमकै विषय हो तर नावालक समेतका तर्फबाट संरक्षक भै दायर गरिएको उक्त अंश मुद्दामा मिलापत्र गर्दा सो मुद्दाको वादी अर्थात् प्रत्यर्थी वादीको आमा टीकादेवीले कुनै अचल सम्पत्ति नवुझी आफूहरु प्रतिवादीको श्रीमती र छोरा समेत नभएको भन्ने बोली पारी मिलापत्र गर्नु स्वाभाविक देखिंदैन। आमाले आफ्नो हकमा अंश हक छाडी मिलापत्र गरेको विषयसम्म विचारणीय देखिए तापनि नावालकको अंश हक र पितासँग नाता सम्बन्ध नै नरहेको भन्ने सर्तलाई स्वाभाविक मान्न सकिएन। यसबाट यी वादी बाबु विनाको छोरा (Bastard) वन्न जाने वा निजको बाबुको पहिचान नै अनिश्चित बन्न पुग्ने स्थिति हुँदा त्यस्तो मिलापत्रलाई गम्भिर रुपमा हेर्नुपर्ने देखिएको हो। हाम्रो कानूनले सम्बन्ध बिच्छेदको प्रक्रियाबाट लोग्ने स्वास्नीको नाता सम्बन्ध अन्त्य हुने अवस्थालाई स्वीकार गरेको छ तर बाबु छोराको नातासम्बन्ध समाप्त हुन सक्ने कुनै अवस्थाको परिकल्पना गरेको देखिएन। बाबु आमाबीच सम्बन्ध विच्छेद हुँदा पनि बाबु आमासँग सन्तानको यथावत सम्बन्ध रहिरहन्छ। बाबुछोराको सम्बन्ध जन्म जन्मान्तरसम्म कायम रहन्छ भन्ने पूर्वीय दर्शनको मान्यता समेत रही आएको छ।[१०] यस स्थितिमा

[१०] वुवा आमा र छोरा छोरी बीचको सम्बन्धका बारेमा पूर्वीय वाङ्मयमा पर्याप्त चर्चा रहेको पाइन्छ। वैदिकवाङ्मयले पुत्रोत्पत्तिको प्रमुख उद्देश्य पितृ-ऋणबाट मुक्ति, अमरत्वको प्राप्ति, दिव्यलोकप्राप्ति, अविच्छिन्न वंशपरम्परा, ज्ञानपरम्परा र सृष्टिपरम्पराको निरन्तरता जस्ता विषयलाई मानेको देखिन्छ। दृष्टान्तका रुपमा देहायका श्रोतलाई उल्लेख गर्न सकिन्छ। तैत्तिरीयोपनिषदमा मा **मातृदेवो भवः, पितृदेवो भवः** (१।११।२१) भनी सन्तानका लागि माता पिता देवता सरह हुने बताइएको छ। हरिवंश महापुराणमा आदिदेवसुतास्तात पितरो दितिदेवताः(।।३६।।)भनिएको छ जसको अर्थ मातापिता समान अरु कोही छैन। उनीहरु समग्र देवताको स्वरुप हुन्। सन्तानले नाम र गोत्रको उच्चारण गरेर परलोकमा वास गरेका आफ्ना बाबुआमालाई तृप्त गराउन सक्छ भन्ने देखिन्छ। पिता र सन्तानको सम्बन्धका विषयमा पारस्करगृह्यसूत्रमा ऋग्वेदको उल्लेखन गर्दै भनिएको छ कि; अङ्गाद् अङ्गाद् सम्भवसि हृदयादधिजायसे, आत्मा वै पुत्रनामासि

प्रस्तुत मुद्दामा साविकमा बाबु छोराको नाता रहेकोमा उक्त अंश मुद्दाको रोहबाट नाबालक छोरासँग समेत नाता कायम नरहने गरी मिलापत्र गरिएको भन्नु नै न्याय र कानून सम्मत देखिएन। यसलाई उचित र तर्कसम्मत मान्न पनि सकिंदैन। सो मिलापत्रबाट वादीको व्यक्तिगत तथा सामाजिक पहिचान नै अन्योल र अनिश्चित हुने तथा निजको नैसर्गिक हकमा गम्भीर अवरोध श्रृजना भएको देखिएकाले सो मिलापत्रलाई वादीको न्यायमा पहुँचमा खडा गरिएको अवरोध वा दाउपेचको रुपमा लिनुपर्ने देखियो। जाल, झेल, प्रपञ्च, दाउपेचबाट न्याय पराजित हुन नपाओस् भन्ने तर्फ न्यायकर्ता सदैव सजग रहनुपर्ने हुन्छ। उक्त मिलापत्र समेतका कारण वादी प्रतिवादी बीच बाबु छोराको नाता सम्बन्ध अन्त्य हुन्छ भन्नु वादीलाई न्यायमा पहुँचबाट बञ्चित गर्नु सरह हुने देखियो।

६२. पितृत्वको निर्धारणमा हेरिनु पर्ने अर्को महत्त्वपूर्ण प्रश्न गर्भधारणको समयमा आमा र बाबु भनी दावी गरिएका व्यक्ति बीच यौन सम्पर्क कायम हुनै नसक्ने अवस्था

स जीव शरदः शतम्।)१।१८।२ (अर्थात् हे पुत्र । हे पुत्री । तिमी मेरो अङ्गअङ्गबाट उत्पन्न भएका हौ। तिमी हृदयभन्दा पनि अत्यन्त प्रिय हौ। तिमी मेरो आत्मा हौ। अतः सयौं वर्षसम्म निरामय भएर जीवित रहनू।) यसैगरी श्रीमद्भागवतमा भनिएको आत्मा वै पुत्र उत्पन्न इति वेदानुशासनम। (१०।७८।३६) अर्थात आत्मा नै सन्तानका रुपमा उत्पत्ति हुन्छन भन्ने श्लोक तथा शंखमुनिको आत्मा पुत्र इति प्रोक्त इतिः।(वचन विवाद रत्नाकर,पृ.५५५) "पिता नै सन्तानको रूपमा उत्पन्न हुने भएकाले यिनीहरूबीच भेद हुँदैन" भन्ने दृष्टिकोण तथा याज्ञवाल्क्यस्मृतिमा उल्लेख भएको वसुरुद्रादितिसुताः पितरः श्राद्धदेवताः भनी वसु स्वरूप, रुद्र स्वरूप र आदित्य स्वरूपबाट अंश ग्रहण गरी सन्तान प्राप्ति हुने भएकाले सन्तानका यी तीन किसिमको सम्बन्ध माता पिताकासाथ सँधै रहिरहने भन्ने मान्यताले पूर्वीय दर्शनमा रहेको बावुको छोराछोरीसँगको सम्बन्धलाई उच्चकोटीमा राखेको स्पष्ट गर्दछ। बौधायन गृह्यपरिभाषामा पुदिति नरकस्याख्या दुःखं च नरकं विदुः।पुदित्राणात् ततः पुत्रमिहेच्छन्ति परत्र च।।(१।२।५) भनिएको छ। यसको अर्थ पुत् नाम गरेको नरक (दुःख-कष्टले भरिएको स्थान) बाट आफ्ना मातापितालाई जोगाउने, इहलोक र परलोक दुवैमा रक्षा गर्ने भएकाले पुत्र पुत्री भनिएको भन्ने देखिन्छ। श्रीमद्भागवतमा भनिएको छ कि; ऋणैस्त्रिभिद्विजो जातो देवर्षिपितृणां प्रभो। यज्ञाध्ययन पुत्रै स्तान्य निस्तीर्य त्यजन् पतेत्। १०।८४।३९ (मानिस जन्मँदै तीन ऋण (देवऋण, ऋषिऋण र पितृऋणबाट ऋणी भएको हुन्छ। यज्ञ, वेदाध्ययन र धर्मानुकूल सन्तानको उत्पादनका साथै पितृकृत्यले तीनै ऋणबाट मुक्त भएर मात्र शरीर छोड्नुपर्दछ।) यसैगरी महाभारतको द्रोणपर्वमा पितृहरू आफ्नो हृदयबाट नै विचार गरेर सन्तानको इच्छा गर्दछन् कि सन्तानले हामीलाई साना-ठूला सबैखाले ऋणबाट मोचन गरेर स्वतन्त्र बनाइदिन्छन् भनी व्यक्त गुरु द्रोणाचार्यका वाणी (इच्छन्ति पितरः पुत्रान् स्वार्थहितोर्घटोत्कच। इहलोकात् परे लोके तारयिष्यन्ति ये हिताः। १७३।५४) लाई पनि पूर्वीय दर्शनका श्रोत सामग्रीको रुपमा यहाँ उल्लेख गर्नु प्रासङ्गिक देखिन आयो।

(Principle of non-access) थियो वा थिएन भन्ने पनि रहेको हुन्छ। खास गरी वैधानिक रुपमा वैवाहिक सम्बन्ध कायम रहेको अवधिमा समेत यदि आमा र विवाहित पति बीच शारीरिक सम्पर्क हुन सक्ने सम्भावना थिएन भने पितृत्वको अनुमान स्वतः खण्डित हुने भएकाले सन्तानको पितृत्व निर्धारणका क्रममा शारीरिक सम्पर्कको सम्भाव्यता थियो वा थिएन भन्ने प्रश्न महत्त्वपूर्ण मानिएको हो। यद्यपि स्वास्थ्य विज्ञानको क्षेत्रमा भएको प्रविधिको विकासले sperm bank, cryobank, in-virto fertilization र surrogacy जस्ता बाबुआमाको प्रत्यक्ष शारीरिक सम्पर्क विना गर्भाधान हुन सक्ने प्रविधिको पनि विकास भएको पाइन्छ।[११] तथापि सो प्रक्रियालाई विशेष प्रकृतिको प्राविधिक वा अपवादात्मक अवस्था मान्नुपर्ने हुन्छ। सो बाहेक **गर्भधारणको अवधिमा वादीले बाबु भनी दावी गरिएको व्यक्तिको सम्बन्धित महिला वा बच्चाको आमासँग भेट्न व्यवहारिक रुपमा सम्भव थिएन भनी अकाट्य प्रमाणद्वारा पुष्टि भएमा Non-access को आधारमा पितृत्वको दावी खण्डित हुन जान्छ। तर Non-access पुष्टि हुनका लागि सम्बन्धित महिला र पुरुष बीच शारीरिक सम्पर्क हुन सक्ने सम्भावना न्यून भएर मात्र पनि पुग्दैन। त्यस्तो सम्पर्क कायम हुन व्यवहारिक रुपमा असम्भव थियो भन्ने पुष्टि हुनु पर्छ।** तर जातकको गर्भधानका समयमा उसको आमा बाबुको भेट हुन सक्ने परिस्थिति थियो र अन्य प्रमाणबाट पितृत्व स्थापित हुन सक्ने आधार देखिन्छ भने बालकको पितृत्वको खोजी गर्नु सर्वथा उचित मान्न सकिंदैन। Non-access को विश्लेषण गर्दा जातकको बाबुको अनिश्चितता कायम हुन जाने वा आमाको चारित्रिक पवित्रतामा अनपेक्षित प्रश्न उठ्न सक्ने तर्फ पनि अदालतले वाञ्छित विवेक पुऱ्याउनु पर्ने आवश्यकतालाई पनि नजर अन्दाज गर्न मिल्दैन। भारतीय कानूनी व्यवस्था तथा नजिरहरुमा यस सम्बन्धी विषद् चर्चा भएको पाइन्छ।[१२]

---

[११] Caesar Roy, *supra note* 1.

[१२] हेर्नुहोस्: **Kamti devi v. Poshi Ram, AIR** 2001 SC 2226 (कुनै बच्चाको जैविक बाबु नभएतापनि दम्पत्ति सँगै रहेको वखत गर्भधारण भई जन्मेको निर्दोष बच्चा पितृत्वविहिन हुन सक्नेतर्फ विचार गर्नुपर्ने।) **Babdkaka Basudev Badwaik v. Lata Nandlal Badwaik,** AIR 2014 SC 931 (बच्चाको बैधानिकतालाई नै असर पुग्ने अवस्था सिर्जना हुनु नहुने) **Bhabani Prasad Jena v. Convenor Secrectary, Orissa State Commission for Women and Another** 2010 SC

६३. प्रस्तुत मुद्दामा वादीकी आमा प्रतिवादीको घर भान्से बसेकै बखतमा निज गर्भवती भई वादीको जन्म भएको अवस्था छ। प्रतिवादीले सो बखत आफू पढ्न विदेश गएको भनी जिकिर लिएको भए तापनि उक्त जिकिर पुष्टि हुने गरी राहदानी (Passport), प्रवेशाज्ञा (Visa) वा विदेश अध्ययन सम्बन्धी कुनै ठोस प्रमाण पेस गरी वादीकी आमासँग आफ्नो भेट हुन सक्ने सम्भावना थिएन (Non-access) भनी आफ्नो जिकिर पुष्टि गर्न सकेको अवस्था देखिएन। सामान्यतः देवानी मुद्दामा वादी दावी प्रमाणित गर्ने भार वादी पक्षमा नै रहन्छ तर प्रमाण ऐन, २०३१ को दफा २८ ले कुनै खास कुरा प्रमाणित गर्ने भार त्यस्तो कुराको अस्तित्वमा अदालतलाई विश्वास दिलाउन चाहने पक्षमा राखेको स्थितिमा नाता कायमका हकमा यदि प्रतिवादी पक्षबाट Non-access को दावी गरेको अवस्था छ भने त्यस्तो सम्बन्ध राख्न सम्भव थिएन भनी प्रतिवादी स्वयंले प्रमाण पेस गरी पुष्टि गर्नुपर्नेमा प्रस्तुत मुद्दामा प्रतिवादीले तदनुरुप प्रमाण पेस गरी Non-access को अवस्था प्रमाणित गरेको स्थिति देखिन आएन। अपितु प्रतिवादीको घरमा भान्से भै बसेकी यी वादीकी आमा टिकादेवीको दैनिकी तथा जीवन परिवेश हेर्दा निजका जीवनमा कुनै दोस्रो पुरुषको प्रवेश भै निजसँगको संगसर्गबाट गर्भधान भएको हुन सक्ने सहज परिस्थिति न त मिसिलबाट देखिन आउँछ न त प्रतिवादीले नै सो सम्बन्धमा यकिन साथ जिकिर लिएको अवस्था छ। यी समग्र परिवेशलाई दृष्टिगत गरी न्यायको रोहमा विचार गरी हेर्दा वादी प्रतिवादी बीचको बाबु छोराको नाता कायम हुन नपर्ने कुनै युक्तिसङ्गत र न्यायोचित आधार, कारण देखिन आएन।

694 (पितृत्व निर्धारणमा डि.एन.ए.को प्रयोग अत्याधिक संवेदनशील हुने। एकातर्फ बैज्ञानिक उन्नतिको अवलम्बन गर्न कुनै संकोच हुनु नहुने अवस्था छ भने अर्को तर्फ यसको बच्चामा पर्न सक्ने विनासक असर र यसले बच्चालाई पितृत्वविहिन गर्न सक्ने अवस्थामा डि.एन.ए. परीक्षणतर्फ अनिच्छुक हुनुपर्ने हुन्छ।) **Gautam Kundu v. State of West Bengal, AIR** 1993 SC 2295 (Indian Evidence Act, १८७२ को दफा ११२ को उद्देश्य बच्चालाई अवैधानिकता तथा पितृत्वविहिनता हुनसक्ने दुष्परिणामबाट बचाउनु रहेको) भनी व्याख्या भएको देखिन्छ। **Caesar Roy** ले आफ्नो लेख "Presumption as to Legitimacy in Section 112 of Indian Evidence Act Needs to be Amended" Journal of the Indian Law Institute, July-Septmeber २०१२, Vol. ५४, No. ३, p. ३८५ मा समाजको एक अंशको रूपमा परिवारको मर्यादा र बच्चालाई पितृत्वविहिन हुनबाट बचाउनु राज्यको उत्तरदायित्व भनी तर्क गरेको पाइन्छ।

६४. यसप्रकार वादीले पेस गरेको निजको आफ्नो तथा आमा टिकादेवीको नागरिकताको प्रमाणपत्र, वादीको विद्यालयको शैक्षिक योग्यताको प्रमाणपत्र तथा वादी प्रतिवादीको आचरण, व्यवहार, सामाजिक स्वीकार्यता, कानूनी व्यवस्था र यस अदालतबाट प्रतिपादित नजिर सिद्धान्तहरुसमेतका आधारमा वादी प्रदिपराज पाण्डे र प्रतिवादी प्रकाशराज बीच बाबुछोराको सम्बन्ध रहेको स्थापित हुन आउँछ। तर वादी प्रतिवादीको आनुवंशिकी (डि.एन.ए.) परीक्षणको प्रतिवेदनबाट प्रतिवादी वादीको जैविक बाबु नरहेको भन्ने उल्लेख भै आएबाट सो सम्बन्धमा दोश्रो प्रश्नमा विवेचना गरिएको छ।

६५. अब दोश्रो अर्थात् पितृत्व निर्धारणमा आनुवंशिकी परीक्षण प्रतिवेदन **(Deoxyribonucleic Acid, DNA Testing Report)** को के कस्तो भूमिका रहेको हुन्छ? **DNA परीक्षण प्रतिवेदन विपरीत नाता सम्बन्ध स्थापित हुने वा नहुने अवस्था रहन्छ वा रहँदैन? र प्रस्तुत मुद्दामा गरिएको DNA परीक्षण प्रतिवेदनले वादी र प्रतिवादी बीचको नाता सम्बन्धलाई खण्डित गरेको अवस्था छ वा छैन?** भन्ने प्रश्न तर्फ विचार गर्दा आनुवंशिकी परीक्षण (DNA Testing) प्रविधिले पितृत्वको निर्धारण अनुमानका आधारमा वा आमाको भनाई वा अन्य अप्रत्यक्ष प्रमाणका आधारमा निर्धारण गरिनुपर्ने भन्ने परम्परागत मान्यतालाई खण्डित गरेको छ। DNA परीक्षण प्रविधिद्वारा दुई वा सो भन्दा बढी व्यक्तिको आनुवंशिकी परीक्षण गरी त्यस्तो परीक्षणमा मिल्न जाने गुण वा विशेषताका आधारमा कुनै पनि व्यक्तिको जैविक बाबुको पहिचान गर्न सकिने हुँदा यो प्रविधिको विकाससँगै अब पितृत्वको निर्धारण पनि मातृत्वको निर्धारण जस्तै एकिन र निश्चयात्मक भएको र पितृत्वको निर्धारण अनुमानका आधारमा गर्नु नपर्ने भनी दावी गरेको पनि पाइन्छ।[१३] यसै गरी New York को एक अदालतले DNA प्रविधिको विकासलाई सत्यको खोजीमा आजसम्मकै सवभन्दा ठूलो उपलब्धी (The single greatest advance in the search for truth) भनी नामाकरण गरेको समेत

[१३] D.H. Kaye,'DNA Paternity Probabilities', *Family Law Quarterly*, Fall 1990, Vol. 24, No. 3, pp. 279-304.

पाइन्छ।[१४] यस सम्बन्धी अनुसन्धानकर्ताहरुले गर्भाधान प्रक्रियामा डिम्बकोषमा जुम्लाहा बच्चा पैदा हुन सक्ने गरी एकभन्दा बढी शुक्राणु प्रवेश गरेतापनि एउटा शुक्राणु अर्कोमा विलय भै एउटा वच्चा जन्मेको अवस्था[१५], बाबु जुम्लाहा सन्तान भएको अवस्था वा अङ्ग प्रत्यारोपण, रक्त प्रत्यारोपण (Blood Transpalnt) लगायतका केही खास अवस्थामा DNA परीक्षणमा गलत नतीजा प्राप्त हुन सक्ने विशेष अपवादात्मक अवस्था बाहेक अन्य सामान्य अवस्थामा आनुवंशिकी परीक्षणवाट हुने जैविक बाबुको पहिचान एकिन र निश्चयात्मक हुने भनी यसको नतिजालाई लगभग शत प्रतिशत (उनान्नसय प्रतिशत भन्दा बढी) सही भनी दावी गरेको पनि पाइन्छ।[१६] विज्ञान र प्रविधिको क्षेत्रमा भएका तथा हुँदै जाने नवीनतम् ज्ञान र नवप्रवर्तनले DNA परीक्षण प्रविधिलाई नै अझ भरपर्दो र विश्वसनीय बनाउने वा यस्तै अन्य विस्वसनीय प्रविधिको आविस्कार गर्न सक्ने सम्भावनालाई नकार्न सकिंदैन। भविष्यमा अझ उन्नत प्रविधिको विकासको अपेक्षा गर्नु स्वाभाविक हो। तथापि विज्ञान र प्रविधिको यस्तो उपलब्धीलाई न्यायिक प्रक्रियाले सतर्कता साथ ग्रहण गर्नुपर्ने हुन्छ। **निश्चयपनि विज्ञान र प्रविधिको उपलब्धीलाई न्यायिक प्रक्रियाले उपेक्षा वा इन्कार गर्न सक्दैन। न्यायिक प्रक्रियालाई छिटो, छरितो, विश्वसनीय र भरपर्दो बनाउन तथा विवादित विषयको परीक्षणद्वारा व्यक्तिका हक अधिकार र स्वतन्त्रतालाई संरक्षण र सम्वर्धन गर्न विज्ञान र प्रविधिको उच्चतम प्रयोग अपेक्षित हुन्छ। प्रविधिको विकासले न्याय निष्पादन प्रक्रियामा रहेका कैयौं जटिल र प्राविधिक प्रश्नहरुको सम्बोधन गर्न सक्ला तर प्रविधि आफैले न्यायको उद्घोष गर्न भने सक्दैन। विज्ञान वा प्रविधिको चरित्र यान्त्रिक र गणितीय शुत्रमा आधारित हुने तर न्याय सम्पादन कार्य केवल यान्त्रिक वा गणितीय शुत्रमा मात्र आधारित हुन नसक्ने भएकोले प्रविधि र नव**

[१४] Ibid, p. 280.

[१५] Brian Sloan, 'The 'Chimera' of Parenthood', Modern Law Review, Volume 84, Issue 3, May 2021, pages 503-531.

[१६] Charles Nelson Le Ray, 'Note: Implication of DNA Technology on Posthumous Paternity Determination: Deciding Facts When Dadday Can't Give his Opinion', *Boston College Law Review*, Vol. 35, Issue 3, (1994), 747-798.

प्रवर्द्धनलाई मानवीय ज्ञान, विवेक, तर्क र औचित्यका आधारमा संश्लेषण गरेर मात्र न्यायिक निष्कर्षमा पुगनुपर्ने हुन्छ।

६६. यस दृष्टिकोणले हेर्दा DNA परीक्षण मार्फत आनुवंशीक वा प्रविधिक विश्लेषणबाट व्यक्तिको जैविक बाबुको पहिचान त गर्न सकिएला तर पितृत्वको निर्धारण सामाजिक कानूनी प्रश्न समेत भएकोले यसको निरुपण सामाजिक कानूनी पक्षको विश्लेषण समेतबाट हुनुपर्ने हुँदा वैज्ञानिक शुत्रमा आधारित भएर गरिएको DNA प्रमाणलाई सो सम्बन्धमा भएका अन्य प्रमाण सरह एक प्रमाणका रुपमा मात्र लिनुपर्ने देखियो। पितृत्व निर्धारणमा DNA परीक्षण प्रतिवेदनलाई प्राथमिक प्रमाण र अन्यलाई गौण प्रमाण भनी मान्न मिल्ने देखिएन। देवानी मुद्दामा निर्णय गर्दा प्रमाणको प्राचुर्यता (preponderance of evidence) का आधारमा निर्णय गर्नुपर्ने भएकोले पितृत्वको निर्धारणमा पनि केवल DNA प्रमाण मात्र नहेरी मिसिल संलग्न सम्पूर्ण प्रमाणको प्राचुर्यताको आधारमा निक्यौंल गर्नुपर्ने हुन्छ। यस अदालतबाट यस पूर्व विभिन्न मुद्दामा नागरिकताको प्रमाणपत्र वा राज्यका विभिन्न निकायले कानून बमोजिम जारी गरेको प्रमाणपत्रमा उल्लेखित विवरण पितृत्वको निर्धारणका क्रममा विचार गर्नुपर्ने भन्ने सम्वन्धमा स्पष्ट दृष्टिकोण राखेको अवस्था समेत भएकोमा[१७] यो इजलासले सो

[१७] **रोशन महर्जन समेत वि. सिद्धिलाल भन्ने भुयुचा महर्जन समेत, मुद्दा अंशचलन,** "वादीहरुले वंशजका आधारमा नागरिकताको प्रमाण पत्र लिएकोमा आफूले पति/पिताको हैसियतले सनाखत नगरेको र नागरिकता जालसाजीमा छुट्टै मुद्दा दिएको हुँदा त्यस्तो नागरिकतालाई प्रमाणमा लिई नाता कायम गर्न नमिल्ने भन्ने जिकिर लिएकोमा सरकारी कार्यालयबाट विशेष कानून अन्तर्गत जारी भएको नागरिकता जस्तो प्रमाणपत्र कसैले झुठ्ठा विवरणका आधारमा प्रास गरेमा सो बदर गराउने प्रक्रियाका सम्वन्धमा उक्त विशेष ऐनमा नै पृथक व्यवस्था रहेकोमा सो बमोजिम नगरी जालसाजी मुद्दा दिएको भरमा नागरिकताको प्रमाणपत्र विवादित भएकोले प्रमाणमा लिन नहुने भन्ने जिकिर समेत आधारहिन देखिने" (ने.का.प. २०६३ भाग ४८ अंक ११ नि नं.७७८४), **नाबालक रित्सु मिश्रको हकमा र आफ्नो हकमा समेत लक्ष्मीकुमारी मिश्र (श्रेष्ठ) विरूद्ध मखमली मिश्रसमेत, मुद्दाः अंशचलन,** "मतदाता परिचयपत्र, मतदाता नामावलीमा भएको पारिवारिक विवरण र सवारी चालक अनुमतिपत्रहरूबाट असर्फीलाल र रविशंकरबीचको नाता सम्बन्ध रहेको देखिएको र एकआपसमा आफूहरूलाई वावुछोराको रूपमा लामो समयदेखि आचरण र व्यवहारबाट स्वीकार गरेको देखिन्छ। ती कागजातहरू सरकारी कार्यालयबाट जारी गरिएका वैधानिक कागजातहरू हुन्। यद्यपि तिनीहरूको प्रयोजन अलगअलग भए पनि ती कागजपत्रमा उल्लेख भएको नाता सम्बन्ध देखिने विवरणहरू झुट्टा हुन् भन्ने आधार देखिन सकेको छैन। पेस भएका ती सबै कागजपत्रबाट प्रतिवादी रविशंकर मिश्र र असर्फीलाल भन्ने केदार मिश्र बाबु छोरा भनी उल्लेख हुनु संयोग मात्र हुन नसक्ने" (ने.का.प. २०७३ भाग ५८ अक १२ निर्णय नं. ९७२४)

भन्दा फरक दृष्टिकोण लिनुपर्ने कुनै कारण देखिन आउँदैन। पितृत्वको निर्धारणका सम्बन्धमा केवल DNA परीक्षणलाई मात्र आधार मान्न नसकिने भन्ने सम्बन्धमा नेपाल तथा भारतका अदालहरुले विभिन्न मुद्दामा व्याख्या गरेको पाइन्छ।[१८]

६७. यस अवस्थामा DNA परीक्षणका सम्बन्धमा विशेषज्ञले दिएको रायलाई निर्णायक प्रमाणको रुपमा नलिई केवल विशेषज्ञको राय (Opinion) का रुपमा मात्र लिनुपर्ने देखिन्छ। यदि मिसिल संलग्न अन्य प्रमाणबाट विशेषज्ञको राय समर्थन हुन्छ भने त्यस्तो राय प्रमाणग्राह्य मानिन्छ तर यदि मिसिल संलग्न अन्य प्रमाणबाट समर्थित हुन सक्दैन भने विशेषज्ञको रायले प्रमाणको रुप ग्रहण गर्न सक्दैन किन भने जति सुकै विज्ञान र प्रविधिमा आधारित भए तापनि राय आखिर राय नै हो। **न्यायकर्ताका लागि राय निश्चयात्मक हुन सक्दैन। मुद्दाको तथ्य, सन्दर्भ र अन्य प्रमाणबाट समर्थित भएको अवस्थामा बाहेक यस्तो रायलाई निश्चयात्मक प्रमाणको रुपमा ग्रहण गर्न मिल्दैन।** यद्यपि प्राविधिक पक्षको विश्लेषणबाट निष्कर्षमा पुग्नुपर्ने अपराध अनुसन्धान जस्ता विषयमा DNA परीक्षण जस्ता वैज्ञानिक अनुसन्धान पद्धतिको आवश्यकता, औचित्य र महत्त्वलाई कम आङ्कलन गर्न मिल्दैन तथापि मुद्दाको विषयवस्तुमा दिएको रायलाई मिसिल प्रमाणले समर्थन गरेको अवस्थामा मात्र विशेषज्ञको रायले निश्चयात्मक प्रमाणको स्थान ग्रहण गर्न सक्ने हुन्छ। **सामाजिक कानूनी प्रश्न आधिक्य**

---

[१८] हेर्नुहोस्: ***नेपालमा:*** **मु.स. गर्ने बुद्धु अहिर विरूद्ध कुल्लर अहिर भन्ने जंगबहादुर अहिर, मुद्दाः अंश नामसारी** "प्रमाणहरूको संृखलामा एउटा प्रमाण डी हुन पनि परीक्षण.ए.एन.सक्छ। तर अन्य प्रमाणहरूकै आधारमा पितृत्वको विषय यकीन गर्न सकिन्छ भने यो परीक्षण गराउन पर्ने बाध्यता अदालतलाई नहुन पनि सक्ने" (नेकाप २०६६, अङ्क ११, निर्णय नं. ८२५०)। **राजिव गुरूङ्गको हकमा संरक्षक आमा देवी गुरूङ्ग वि. निता गुरूङ्ग,** मुद्दाः नाता कायम, "कुनै जातकको पितृत्वको विवादमा आमाको भनाइले महत्वपूर्ण स्थान रहन्छ। अन्य कुरासँग बाझिदैंन र परिस्थितिजन्य कुराहरूले समर्थन गर्दछ भने आमाको भनाइलाई नाताको विवादमा महत्वपूर्ण प्रमाणको रुपमा ग्रहण गर्नुपर्ने" (नेकाप २०६६, अङ्क ३, निर्णय नं. ८५७८), **टेकबहादुर थापा समेत वि. इन्दिरा अधिकारी, मुद्दाः अंश चलन,** "नातामा विवाद भई अन्य सम्वद्ध सबूद प्रमाणबाट सो विवादका वारेमा निष्कर्षमा पुग्न नसकिने भएमा DNA जस्तो अत्याधुनिक वैज्ञानिक परीक्षण गराई निष्कर्षमा पुग्नुलाई अस्वाभाविक मान्न सकिदैन तर अन्य प्रमाणबाट नातासम्बन्धी विवाद कायम रहेको नदेखिएमा सो परीक्षणको औचित्य अकाट्य रुपमा हुनुपर्दछ भन्न नमिल्न" (नेकाप २०६६ भाग: ५१ अंक: ११नि.नं.८२७२), **भारतमा: Smt. Kamti Devi v. Poshi Ram, AIR 2001 SC 2226** मुद्दामा यदि living together को अवस्थामा गर्भधारण भएको भए डि.एन.ए. परीक्षण आवश्यक नहुने भनी डि.एन.ए. परीक्षणको आदेश नै नदिई non-access principle अवलम्बन गरिएको।

रहेका नाता कायम वा पितृत्व निर्धारण जस्ता प्रश्नमा समेत डि.एन.ए. परीक्षणलाई शुद्ध गणितीय वा बैज्ञानिक तवरले शुत्रवद्ध गरी हेरियो भने यस्ता प्रकृतिका मुद्दाहरुले बोक्ने सामाजिक तथा पारिवारीक मूल्य मान्यता तथा स्थापित संरचनाहरु उपर उचित र न्यायपूर्ण सम्बोधन नहुन सक्ने तर्फ न्यायकर्ता सजग रहन जरुरी हुन्छ।

६८. पितृत्व निर्धारणको प्रश्न मूलतः वैवाहिक सम्बन्धसँग अभिन्न रुपमा गाँसिएको हुन्छ। वस्तुतः वैवाहिक सम्बन्ध समाजको आधारशीला हो। वैवाहिक सम्बन्धसँग गाँसिएर उठेका प्रश्नहरुलाई अदालतले विशुद्ध प्राविधिक पाटोबाट मात्र हेरी न्यायिक र विवेकसम्मत् दृष्टिले नहेर्ने हो भने समाजमा वैवाहिक सम्बन्धसँग सम्बन्धित अनपेक्षित जटिलताहरु उत्पन्न भई समाजको जग खल्वलिन सक्ने हुन्छ। यस तर्फ अदालतले सम्यकपूर्ण दृष्टि राख्नु आवश्यक छ। यद्यपि अदालतले यस्तो दृष्टिकोण निर्माण गर्दा नैतिकता र सामाजिक मूल्य मान्यता विरुद्ध काम कारवाही वा दुराचारले प्रश्रय पाउन नहुने र अदालतको दृष्टिकोण सामाजिक नैतिकता र सदाचारको पक्षमा हुनुपर्ने पनि उत्तिकै आवश्यक छ। अदालतले न्याय निरुपण गर्दा विषयबस्तुको प्रकृति हेरी सामाजिक जीवन्तताको सापेक्षतामा गर्नुपर्ने हुन्छ। यसै कारण स्वास्थ्य विज्ञान वा जीव विज्ञानको क्षेत्रमा भएका नयाँ नयाँ आविश्कार र प्रर्वतनका वावजुद पितृत्व निर्धारणको प्रश्नलाई कानूनले अद्यापि खण्डनीय अनुमानका रुपमा नै लिएको पाइन्छ। अर्को शब्दमा भन्नु पर्दा अन्यथा प्रमाणित नभएसम्म विवाह नै पितृत्वको सर्वैभन्दा वलियो प्रमाण हो र विवाहको बैधानिक अवधिभित्र जन्मेको शिशु यदि गर्भाधानको समयमा उक्त लोग्ने मानिससँग शारीरिक सम्पर्क कायम हुन सम्भव थिएन (Non-access principle) भन्ने प्रमाणित हुन सकेको अवस्था वाहेक सोही लोग्नेबाट जन्मेको भनी मान्नुपर्ने हुन आउँछ।

६९. न्याय निरुपणको कार्य विशुद्ध यान्त्रिक वा शुत्रवद्धतामा आधारित प्रक्रिया नभई खास परिस्थिति वा मुद्दाको तथ्यमा प्रमाणको समुचित विश्लेषण र कानूनको सम्यक एवम् विवेकपूर्ण प्रयोग गरी निश्कर्षमा पुग्ने प्रक्रिया हो। यस प्रक्रियामा व्यक्तिका निजी विचार, धारणा, चाहाना, आग्रह, अपेक्षा, सुविधा वा कठिनाईले प्रमाणको स्थान ग्रहण

गर्न सक्दैन। सामान्यतः अदालत अनुमान वा तर्कका आधारमा पनि निश्कर्षमा पुग्दैन। न्यायिक निष्कर्षका लागि ठोस् र वस्तुगत प्रमाण नै आवश्यक पर्छ। यस सन्दर्भमा भौतिक वा वैज्ञानिक परीक्षणबाट प्राप्त नतिजाको विशेष महत्त्व रहेको हुन्छ र यस्तो प्रमाणलाई कम महत्त्वको आंकलन गर्नु विज्ञानका सिद्धान्तलाई इन्कार गर्नु सरह हुन्छ। तर पनि न्यायिक प्रक्रियाको सन्दर्भमा प्रमाणको विश्लेषण गर्दा वा न्यायिक निश्कर्षमा पुग्दा न्यायकर्ताले विशुद्ध विज्ञान (Pure Science) र विधिशास्त्र जस्तो सामाजिक विज्ञान (Social Science) को प्रकृतिमा हुने आधारभूत भिन्नतालाई हेक्का राख्नुपर्ने हुन्छ। अझ नाता कायम जस्तो सामाजिक पक्षको आधिक्य भएको विषयवस्तु (Socio-legal aspects) हरुमा त रक्त परीक्षण वा डि.एन.ए. परीक्षण वा यस्तै अन्य कुनै वैज्ञानिक परीक्षणलाई मात्र निश्चयात्मक प्रमाणका रुपमा ग्रहण गरियो भने न्याय नपर्न सक्ने सम्भावना तर्फ सधैं सजग रहनुपर्ने हुन्छ। यदि त्यस्ता परीक्षणलाई नै निश्चयात्मक प्रमाण मान्ने हो भने न्यायिक प्रक्रियामा मानवीय विवेकको कुनै स्थान रहँदैन र परिणामतः प्रविधि या यन्त्र (Machine) नै न्यायकर्ता बन्न जान्छ जुन उन्नत विधिशास्त्रले अपेक्षा गरेको अवस्था भनी कदापि मान्न सकिँदैन। यसैकारण DNA जस्तो विज्ञानमा आधारित प्रमाणलाई समेत न्यायकर्ताले मिसिल प्रमाणको समग्रतामा हेरी आफैंमा न्यायिक निर्णयको एकल र पूर्ण कडीका रुपमा नलिने र मुद्दाको तथ्य वा अन्य प्रमाणबाट समर्थित भएको हदसम्म मात्र प्रमाणग्राह्य हुने (Supportive or corroborative) प्रमाणका रुपमा लिनुपर्ने देखिन आयो।

७०. यस आधारबाट हेर्दा नाता कायम वा पितृत्व निर्धारण जस्ता विषयमा डि.एन.ए. परीक्षणलाई एक स्वीकार्य अभ्यासको रुपमा लिइदै आएको भए तापनि यसको प्रमाण गाह्यतामा अनपेक्षित जटिलताहरु देखिएको सन्दर्भमा अदालतले प्रमाण बुझ्ने क्रममा नै डि.एन.ए. परीक्षणको अपरिहार्यता हो वा होइन् भन्ने विषयमा संयमतापूर्वक र संवेदनशिल भै आदेश गर्नुपर्ने स्थिति देखिन आयो। अदालत स्वयंले डि.एन.ए. परीक्षणको आदेश गर्ने तर परीक्षण पश्चात प्रतिवेदनको प्रमाणग्राह्यतालाई इन्कार

गर्नु अवश्यमेव असहज अवस्था हो। त्यसकारण न्यायकर्ताले डि.एन.ए. परीक्षणको आदेश दिंदा नै अन्य प्रमाणको पर्याप्तता भए नभएको एकिन गरी त्यस्तो परीक्षण नगरी नहुने अवस्था भएमा मात्र परीक्षण गर्ने आदेश दिनु उपयुक्त हुने देखिन्छ। नाता कायमका लागि अन्य प्रमाणहरु पर्याप्त भइरहेको अवस्थामा अदालतले डि.एन.ए. परीक्षणको आदेश दिनुपर्ने आवश्यकता नै नहुने भनी यस अदालतबाट मु.स. गर्ने बुद्ध अहिरको मुद्दामा बोलेको पनि पाइन्छ।[१९] यस्तै, भारतीय सर्वोच्च अदालतले Smt. Kamti Devi v. Poshi Ram को मुद्दामा पितृत्वको प्रश्न अनुमानको विषय भएको र सो अनुमान खण्डित हुन सक्ने प्रथम दृष्टिमा नै बलियो आधार (Strong Prima Facie) नभएसम्म डि.एन.ए. परीक्षणको लागि आदेश दिनुपर्ने आवश्यकता नै हुँदैन[२०] भनी डि.एन.ए. परीक्षणको आदेश दिनु पूर्व यसको परिणामको संवेदनशीलतातर्फ सजग हुन सचेत गराएको पाइन्छ। **वस्तुतः डि.एन.ए. परीक्षण पक्षको मागको आधारमा नभई अदालतले तथ्यको आवश्यकताका आधारमा गर्नुपर्ने विषय भएकोले यस्तो आदेश दिनु पूर्व सो आदेशको परिणाम स्वरुप आमाको सतित्व वा इज्जतमा अनपेक्षित प्रश्न खडा हुने वा निजको मर्यादित र सम्मानपूर्वक बाँच्न पाउने हकमा दखल पुग्न जाने वा बच्चाको पितृत्वको प्रश्न अनिश्चय हुन सक्ने वा अन्य सामाजिक संरचनामा खलल पुऱ्याउन सक्ने अवस्था छ छैन भनी यस किसिमको सामाजिक तथा मानवीय पक्ष तर्फ समेत उचित ध्यान पुऱ्याउनुपर्ने देखिन्छ।**

७१. उल्लिखित विषयका अतिरिक्त, पितृत्व निर्धारणका सम्बन्धमा DNA परीक्षण प्रतिवेदनको स्वीकार्यता र प्रमाण ग्राह्यताका सम्बन्धमा यस अदालत तथा अन्य क्षेत्राधिकारका अदालतले समेत यस अघि पनि डि.एन.ए. परीक्षण प्रतिवेदनलाई अन्य

[१९] मु.स. गर्ने बुद्धु अहिर विरूद्ध कुल्लर अहिर भन्ने जंगबहादुर अहिर, मुद्दाः अंश नामसारी (नेकाप २०६६, अङ्क ११, निर्णय नं. ८२५०) "पक्षले माग गर्दैमा डी.एन.ए.परीक्षण गराउने आदेश दिन अदालत बाध्य हुँदैन। यो परीक्षण माग गर्ने पक्षको भनाई प्रतिकूल राय आयो भने पनि उसले दण्ड जरीवाना समेतका कुनै दायित्व व्यहोर्न नपर्ने हुनाले नाता होइन भन्ने पक्षले मनोविनोद गर्न वा कसैप्रतिको इवी साध्न वा महिलाको मानमर्दन गर्न वा सामाजिक तथा पारिवारिक संरचना खलवल्याउनका लागि डी.एन.ए. परीक्षण गर्ने आदेश सहायक नहोस् भन्ने कुरामा अदालत सधै सर्तक रहनु पर्ने।"

[२०] **Smt. Kamti Devi v. Poshi Ram**, AIR 2001 SC 2226, the Supreme Court held that 'although DNA evidence is scientifically accurate, it cannot be accepted in determining the paternity disputr on the ground of public policy'.

सामाजिक सन्दर्भ र परिस्थितिजन्य प्रमाणहरुबाट समर्थित भएको हदसम्म मात्र स्वीकार्य हुने [२१] भन्दै यसको विश्वसनीयतामा प्रश्न उठाएको पाइन्छ।[२२] उल्लिखित विषयका अतिरिक्त DNA परीक्षणका प्रमाणग्राह्यतामा वा विश्वसनीयतामा प्रश्न उठ्न सक्ने देहायका केही विषयमा चर्चा गर्नु समेत प्रस्तुत सन्दर्भमा प्रासाङ्गिक नै देखिन आयो।

७२. डि.एन.ए. परीक्षणका लागि पक्षको मन्जुरी वा सहमतिको विषय समेत महत्त्वपूर्ण मानिन्छ। कतिपय अवस्थामा डि.एन.ए. परीक्षण गर्न पक्ष सहमत नभएमा त्यस्तो असहमतिलाई निज विरुद्धको प्रमाणका रुपमा लिने अभ्यास नेपालमा [२३] तथा भारतमा (Thogorani Alias K. Damyanti v. State of Orissa & Others[२४], 2004) मा समेत रहेको पाइन्छ। खासगरी कसैका विरुद्ध निजका साथमा रहेका लिखत पेस गर्न आदेश दिंदा निजले पेस नगरेमा सो लिखत निजका विरुद्ध प्रमाणमा लाग्न सक्ने एवम् कुनै काम, घटना वा आचरणको सम्बन्धमा अदालतले तर्कसङ्गत अनुमान गर्न सक्ने कानूनी व्यवस्था [२५] को सापेक्षतामा कसैले डि.एन.ए. परीक्षण गर्ने आदेश दिंदा पनि डि.एन.ए. परीक्षण गर्न सहमत नहुनु भनेको सो परीक्षणबाट निजका विरुद्ध प्रमाण सृजना हुने भनी अनुमान गरेको देखिन्छ। प्रस्तुत मुद्दामा तत्कालिन पुनरावेदन अदालत पाटनले वादी प्रतिवादी बीच नाता कायम हुने आधारको रुपमा प्रतिवादीले

---

[२१] हेर्नुहोस्: मु.स. गर्ने बुद्धु अहिर विरूद्ध कुल्लर अहिर भन्ने जंगबहादुर अहिर,मुद्दाः अंश नामसारी (नेकाप २०६६, अङ्क ११, निर्णय नं. ८२५०), नाबालक रित्सु मिश्रको हकमा र आफ्नो हकमा समेत लक्ष्मीकुमारी मिश्र श्रेष्ठ वि. मखमली मिश्रसमेत, मुद्दाः अंश चलन (नेकाप २०७३, अङ्क १२, निर्णय नं. ९७२४)

[२२] राजिव गुरूङ्गको हकमा संरक्षक आमा देवी गुरूङ्ग वि. निता गुरूङ्ग, मुद्दाः नाता कायम (नेकाप २०६६, अङ्क ३, निर्णय नं. ८५७८), रमेश पराजुली समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (नेकाप २०७३, अङ्क १२, निर्णय नं. ९७३२)। Bhabani Prasad Jena v. Convenor Secretary, Orrisa State Commission for Women and Another, AIR, 2010 SC 2851, Amrtulala Amthabhai Mistri v. Ashwinkumar Amrutlala Mistri Lnindu 2019, Guj 374 (Gujarat Hight Court) आदि।

[२३] बद्रिप्रसाद प्रसाई विरूद्ध राधिका माझी (नेकाप २०७१ भाग ५६ अक ११ नि नि ९२९४) मा पहिलो पटक गरिएको DNA परीक्षणको प्रतिवेदनमा भएको प्रकृयागत त्रुटीका लागि पुनः DNA परीक्षणको लागि अदालतका सहरजिष्ट्रारबाट जारी भएको सूचनाको म्याद गुजारेको तथ्यलाई निजले जातकसँगको नाताकायम हुन नसकोस भनी अदालतबाट जारी भएको म्याद समेत वेवास्ता गरी बसेको भनी अर्थ गरिएको।

[२४] 2004 CRI. L. J. 4003

[२५] प्रमाण ऐन, २०३१ को दफा ७ (ख), (ग)

डि.एन.ए. परीक्षण गर्न अस्वीकार गरेको कुरालाई समेत सोही रुपमा लिएको देखियो। वस्तुतः डि.एन.ए. परीक्षण गर्न इन्कार गर्नु नै पितृत्व स्वीकार गरेको भनी अर्थ गर्नु न्यायोचित हुँदैन। डि.एन.ए. परीक्षणको विषय व्यक्तिको गोपनियताको अधिकार र आफ्नो विरुद्ध साक्षी बन्न बाध्य पार्न नसकिने **(Right against self-incrimination)** अधिकार लगायतका व्यक्तिको वैयक्तिक स्वतन्त्रतासङ्ग सम्वद्ध मौलिक हक एवम् मानव अधिकारको विषयसँग समेत सम्बन्धित हुँदा डि.एन.ए. परीक्षण गर्न इन्कारीको विषयलाई विंहगम दृष्टिले हेर्नु पर्ने हुन्छ। भारतीय कानून आयोगले डि.एन.ए. परीक्षण इन्कारीलाई निजका विरुद्धको प्रमाणका रुपमा लिन नहुने भनी कानून संशोधन गर्न यस अघि नै सुझाव पेस गरेको[२६] देखिन्छ। प्रस्तुत मुद्दामा मिसिल संलग्न अन्य प्रमाणबाटै विवादको विषयमा न्यायिक निष्कर्षमा पुग्ने पर्याप्त आधार प्रमाणको विद्यमानता देखिंदा पुनरावेदन अदालतले लिएको उक्त आधारका बारेमा थप चर्चा गरिरहन परेन।

७३. डि.एन.ए. परीक्षणसँग सम्बन्धित विविध पक्षहरु मध्ये यसलाई व्यक्तिको गोपनियताको अधिकारसँग कसरी सन्तुलन मिलाउने भन्नेतर्फ पर्याप्त सतर्कता अवलम्वन गर्नुपर्ने देखिन्छ। यो विषय विशेषतः भारतीय न्यायिक अभ्यासका क्रममा डि.एन.ए. परीक्षणको सुरुवाति चरणमा उठेको पाइन्छ।[२७] ती बहसमा एकातर्फ मानव

---

[२६] Human DNA Profiling- A draft Bill for the Use and Regulation of DNA-based Technology, Law Commission of India, Report No. 271, 2017.

[२७] See: **Gautam Kundu v. State of West Bengal, AIR 1993 SC 2295,** मुद्दामा Orrisha High Court ले (कसैलाई पनि निजको रगतको नमूना दिन बाध्य गर्न नसकिने) भने **Bhabani Prasad Jena v. Convenor Secretary, Orrisa State Commission for women, AIR 2010 SC 2851** (अदालतले व्यक्तिको गोपनियताको हक र न्यायालयको सत्यमा पुग्नु पर्ने दायित्वका बीच सन्तुलन गरी DNA परीक्षण अपरिहार्य भए नभएको निर्णय विवेकपूर्ण तवरले लिनु पर्ने)। **Nandlal Wasudeo Badwaik v. Lata Nandlal Badwaik & Others, AIR 2014 SUPREME COURT 932** (अदालतले DNA परीक्षणका लागि आदेश दिन सक्ने)। **Sharda v Dharampa, AIR 2003 SC 3450** तथा **Kanchan Bedi v. Shri Gurpreet Singh, AIR 2003 Delhi 446** मा (DNA परीक्षणले कुनै किसिमको अधिकार हनन नहुने, DNA परीक्षणका लागि पक्षले देखाएको असहमतिलाई निज विरूद्धको प्रमाणका रूपमा निचोड निकाल्न सक्ने स्वतन्त्रता अदालतलाई रहन सक्ने भनी **Thogorani Alias K. Damyanti v. State of Orissa & Others, 2004 CRI. L. J. 4003** मुद्दा) मा **Smt. Kamti Devi v. Poshi Ram, AIR 2001 SC 2226** (living together को अवस्थामा यदि गर्भधारण भएको भए DNA निर्णायक हुन नसक्ने), अमेरिकन अदालतले पनि **Louisiana Supreme Court In re J.M. 590 So. 2d 565 (La. 1991)** (आशंकित बाबुको गोपनियताको हक तथा अमनासिव धरपकड (Search and Seizure) विरूद्धको अधिकार हुने भए तापनि

अधिकारको विश्वव्यापी घोषणापत्र (Universal Declaration on Human Rights, 1948) र नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय अनुवन्ध (International Converntion on Civil and Political Rights, ICCPR, 1966) जस्ता अन्तराष्ट्रिय मानव अधिकारसँग सम्बन्धित दस्तावेजहरुले व्यक्तिलाई गोपनियता हक र Self-incrimination विरुद्धको अधिकारलाई प्रत्याभूत गरेको सन्दर्भलाई जोडी डि.एन.ए. परीक्षणलाई self-incrimination र गोपनियताको हकको विरुद्ध हुने भन्ने दृष्टिकोण लिएको देखिन्छ भने अर्को तर्फ विवादको विषयमा सत्यमा पुग्नुपर्ने अदालतको दायित्व भएको सन्दर्भमा डि.एन.ए. परीक्षणलाई मौलिक हक वा मानव अधिकार विरुद्ध भनी लिन नहुने धारणा पनि त्यतिकै शसक्त रहेको देखिन्छ। भारतमा सुरुवाती चरणमा नाता कायम तथा पितृत्व निर्धारणका विषयमा डि.एन.ए. परीक्षणको आदेश दिंदा भारतीय संविधानको धारा २१ को व्यक्तिगत स्वतन्त्रताको अधिकार विपरीत हुने भनी प्रश्न उठेकोमा पछि यसलाई मुद्दाको सत्यमा पुग्नका लागि प्रमाण सङ्कलन गर्नुपर्ने अदालतको दायित्वसँग जोडी संविधानको धारा २१ विपरीत नहुने भनी व्याख्या भएको पाइन्छ।[२८] पछि क्रमशः यसको ग्राह्यता (admissibility) लाई स्वीकार गरिंदै गएको देखिन्छ। तथापि non-access principle को खण्डनको अवस्थालाई खम्बीर प्रमाणले मात्र काट्न सक्ने न कि केवल सम्भावनाको आधारले मात्र (not by the mere balance of probalities)[२९] भन्ने व्याख्याका साथै पितृत्व निर्धारणको सवालमा डि.एन.ए. परीक्षणको प्रयोग अति संवेदनशील हुने भनी विशेष जोड दिएको पाइन्छ।[३०] खास गरी The Family Reform

---

यस्ता अधिकारहरू निरपेक्ष नहुने र राज्यले पर्याप्त स्वार्थसहित मनासिव तवरले यस्ता अधिकारहरू नियमन गर्न सक्ने) **Matthews's v. Eldridge, 424 U.S. 319, 1976** मा (शंकित बाबुको अधिकार संरक्षण गर्न संवैधानिक रूपमा आवश्यक कार्यविधि र राज्यको उक्त बालकको अधिकार संरक्षण गर्नु पर्ने दायित्वका आधारमा यसको निर्धारण गरिनुपर्ने)

[२८] **J.K. S. Puttawamy v Union of India, AIR 2017 SC4161.**

[२९] **Amrtulal Amthabhani Mistri v. Ashwinkumar Amrutlal Mistri Lnindu** 2019 GUJ 374.

[३०] **Bhabani Prasad Jena v. Convenor Secretary, Orrisa State Commission for Women and Another, AIR 2010 SC 2851** मा व्यक्तिको गोपनियताको हक र न्यायालयको सत्यमा पुग्नु पर्ने दायित्वका विषयमा चर्चा गर्दै सो क्रममा न्यायालयले यी दुवै पक्षको स्वार्थको सन्तुलन गरी DNA परीक्षण अपरिहार्य भए नभएको निर्णय विवेकपूर्ण तवरले लिनु पर्ने व्याख्या गरिएको।

Act, 1969 पश्चात अदालतले पितृत्व निर्धारणका लागि रक्त परीक्षणको लागि आदेश दिन सक्ने भनी व्याख्या गरेको पाइन्छ। पछिल्लो समयमा व्यक्तिका वैयक्तिक गोपनियताका विषयमा बढी संवेदनशील भई डि.एन.ए. परीक्षण सम्बन्धी वा सोबाट उत्पादित आँकडा (data) लगायतको विषयहरु राज्यले सुरक्षित राख्नुपर्ने र सो नभएमा नागरिकका सबै सूचनाहरु केही व्यक्तिबाट नियन्त्रित हुन जाने भन्दै व्यक्तिको गोपनियताको मुद्दालाई संवेदनशील तवरले प्रयोग (handle) गरिनुपर्ने भनी फैसला भएको [३१] एवम् अन्य दस्तावेज तथा सिफारिस प्रतिवेदनहरुमा जोड दिएको पाइन्छ। भारतीय अदालतको फैसला हेर्दा blood grouping वा डि.एन.ए. परीक्षणलाई circumstantial evidence का रुपमा लिन सक्ने तर सोको लागि कसैलाई बाध्य बनाउन नहुने र यस्तो परीक्षणका लागि अस्वीकार गरेमा सोकुरालाई आधारमा निज विरुद्ध inference draw गर्नु नहुने साथै डि.एन.ए. परीक्षणका आधारमा बच्चालाई पितृत्वविहिन बनाउन नहुने तथा परिवार र सामाजिक संरचनाको रक्षा गर्नुपर्ने दायित्व तर्फ समेत सजग हुनुपर्ने भन्ने दृष्टिकोण पाइन्छ।[३२] भारतीय सर्वोच्च अदालतले Smt. Selvi & Ors. V. State of Karnataka मुद्दामा डि.एन.ए. परीक्षणलाई मानिसको सम्मान साथ बाँच्न पाउने अधिकारसँग जोडेर हेरेको पाइन्छ। सो मुद्दामा भारतीय सर्वोच्च अदालतले DNA परीक्षणको आदेश दिनु पूर्व नै अदालतले मानिसको सम्मानसाथ बाँच्न पाउने अधिकार, महिलाको सम्मान, सतित्व, बच्चाको पितृत्वको अधिकार र सामाजिक संरचनाको सुसञ्चालन जस्ता विषयहरु एउटा नैतिक मान्यता (Ethical Framework) भित्र रहनुपर्ने भन्ने दृष्टिकोण अवलम्बन नगरेको प्रसङ्ग समेत यहाँ उल्लेख गर्नु सान्दर्भिक देखिएको छ।

---

[३१] भारतीय सर्वोच्च अदालतले **J.K.S. Puttaswamy v. Union of India, AIR 2017 SC4161** मा गोपनियताको हक मौलिक हक हुने भनी यो विषयमा बोलिएको भए तापनि डि.एन.ए. लाई **Sharada v. Dharmpal, AIR 2003 SC 3450** मा भने फरक तरीकाले लिएको पाइन्छ। साथै Testimonial compulsion को विषय उठाई personal testimony मा protective scope of constitution अनुसार संविधानको धारा (२०) (३) लागू हुने विषयहरू विशेषतः Narco analysis, polygraph examination, brain electrical activation profile लगायतको हुने तर उक्त सूचिमा डि.एन.ए. परीक्षणलाई राखेको पाईंदैन।

[३२] **Gautam Kundu v. State of West Bengal,** AIR 1993 SC 2295.

७४. यस अतिरिक्त, डि.एन.ए. परीक्षणको **विश्वसनियता (Credibility)** को प्रश्न अर्थात् परीक्षण प्रतिवेदन **त्रुटिरहित (Accurate)** छ भन्ने विषयको सुनिश्चतता डि.एन.ए. परीक्षण प्रतिवेदनको प्रामाणिक मूल्यका सम्बन्धमा बारम्बार उठ्ने अर्को प्रश्न हो। सिद्धान्ततः डि.एन.ए. परीक्षण विधिलाई गणितिय हिसाबमा लगभग सत प्रतिशत सही भनी दावी गरेको पाइन्छ।[३३] प्राविधिक विश्लेषणका दृष्टिले गरिएको यस्तो दावीलाई प्राविधिक रुपमा नै गलत पुष्टि नभएसम्म अन्यथा भन्नु उचित हुँदैन। तर डि.एन.ए. परीक्षण शुन्यमा हुँदैन। यसका लागि आवश्यक औजार, यन्त्र वा उपकरणको गुणस्तरीयता, नमूना सङ्कलन र भण्डारण विधि, संलग्न जनशक्तिको दक्षता, परीक्षण विधि र परीक्षणका लागि प्रयोग गरिने चिजवस्तु वा रसायनको स्तर र प्रयोगशालाको गुणस्तरीयता जस्ता निर्धारक पक्ष (variables) को असर डि.एन.ए. परीक्षणमा नपर्ने भन्न सकिंदैन। यी यस्ता केही Variables ले डि.एन.ए. परीक्षणको accuracy र credibility मा असर पर्ने सम्भावना सधै रहिरहन्छ। यस सम्बन्धमा विधिविज्ञान विधिशास्त्रका विख्यात लेखक Jaising P. Modi ले पनि आफ्नो पुस्तक "A Textbook of MEDICAL JURISPRUDENCE AND TOXICOLOGY" मा DNA परीक्षणको क्रममा हुन जाने मानवीय वा प्राविधिक त्रुटीका कारण गलत नतिजा आउने सक्ने जोखिम सधै रहने भनी आफ्नो स्पष्ट दृष्टिकोण राखेको पाइन्छ।[३४] त्यसैगरी यस अदालतबाट **राजिव गुरूङ्गको हकमा संरक्षक आमा देवी गुरूङ्ग वि. निता गुरूङ्ग**[३५] नाता कायम मुद्दामा डि.एन.ए. परीक्षणलाई प्रमाणको रुपमा ग्रहण गर्न इन्कार गरेको देखिन्छ।

७५. **सन् १९९७ मा भएको एक अनुसन्धानले** यसको नमूना सङ्कलन प्रक्रिया, लेवल लगाउँदा, भण्डारण गर्दा, ढुवानी गर्दा लगायतका चरणहरुमा हुन सक्ने त्रुटि, cross contamination, moisture वा bacteria का कारण हुन सक्ने DNA degradation, परीक्षण

---

[३३] Chimera, Supranote 15.

[३४] MODI A Textbook of MEDICAL JURISPRUDENCE AND TOXICOLOGY, Twenty sixth edn, 2018, p. (439-440), 'As with any new technology, the greatest risk of reaching an incorrect conclusion stems from undetected human error in the laboratory. A distinction can be drawn between technical error which can arise as a matter of false calculation and wrong interpretation based on the calculation. Technical errors: The DNA probe can be contaminated or degraded. This is specially the case with filed samples. The contamination can be caused by bacterial, viral, other non-human DNA or by blood or saliva traces of police officers or laboratory personnel when handling the DNA. The degradation is especially likely when the DNA is in warm, moist condition'.

[३५] ने.का.प. २०६६, अङ्क ३, निर्णय नं. ८५७८

प्रक्रियामा अवलम्बन गरिने protocol को त्रुटि वा यस्तै अन्य कुनै प्रक्रियागत चुस्तता (intactness) को अभावले एक प्रतिशत परीक्षण नतिजामा त्रुटि हुने[३६] भनी इङ्गित गरेको देखिएबाट समेत डि.एन.ए. परीक्षणको नमूना सङ्कलन देखि भण्डारण वा परीक्षण सम्म प्रत्येक चरणमा पर्याप्त प्रक्रियागत सावधानी अपनाउन नसकेमा वा परीक्षण प्रक्रियाको गुणस्तरीयता कायम हुन नसकेमा फरक नतिजा आउन सक्नेतर्फ सचेत गराएको देखिन्छ। यद्यपि यसपछि गरिएका अन्य अनुसन्धानले यस्तो त्रुटि कम भएको भनी देखाए तापनि शतप्रतिशत त्रुटिरहित भनी दावी गर्न सकेको पाइदैन।[३७]

७६. **यसप्रकार, पितृत्व निर्धारणका सम्बन्धमा डि.एन.ए. परीक्षणलाई सिद्धान्ततः धेरै हदसम्म त्रुटिरहित (accurate) र विश्वसनीय (credible) मानिए तापनि व्यवहारमा परीक्षण प्रक्रियासँग सम्बद्ध विविध मानवीय, व्यवस्थापकीय वा प्राविधिक पक्षको कारण नतिजा फरक पर्न सक्ने सम्भावनालाई पूर्णतः इन्कार गर्न सकिने अवस्था देखिएन। न्याय सम्पादनमा प्राविधिक, मानवीय वा अन्य कुनै कारणले हुन सक्ने कुनै पनि त्रुटि स्वीकार्य हुँदैन। पूर्णतामा मात्र न्यायको अस्तित्व रहन्छ। प्रतिशत वा औषतले न्याय र पूर्णताको प्रत्याभूत गर्न सक्दैन। डि.एन.ए. परीक्षणका क्रममा हुन सक्ने कमी कमजोरीले परीक्षण नतीजा फरक पर्न सक्ने र सोबाट न्यायिक निष्कर्ष नै बदलिदिने हुँदा डि.एन.ए. परीक्षणको आदेश दिंदा वा परीक्षण नतिजालाई स्वीकार गर्दा अदालतले यो वास्तविकतालाई अनदेखा गर्न मिल्ने देखिएन।**

७७. यस सम्वन्धमा भारतीय कानून आयोगले आफ्नो २७१ औं प्रतिवेदनमा डि.एन.ए. परीक्षण प्रतिवेदनको accuracy का लागि पितृत्व निर्धारणमा नकारात्मक (Negative) नतिजा आएमा कम्तिमा दुई पटक परीक्षण गर्नुपर्ने भनी सिफारिस गरेको[३८] तथा सो प्रतिवेदन वमोजिम सरकारले छुट्टै डि.एन.ए. कानूनको मस्यौदा बनाइ संसदमा पेस

---

[३६] Christopher L. Blakesley, "Scientific Testing and Proof of Paternity: Some Controversy and Key Issues for Family Law Counsel", Louisiana Law Review, Vol. 57, No.2 (1997), pp. 379-437.

[३७] Tenn. Code Annotated, Title 24 Evidence and Witness, Chapter 7 Admissiblity of Evidence-112, 6, '[...] and doctor testified that based on blood grouping tests which are over 99.9 percent accurate...'

[३८] Human DNA Profiling, *supra note* 27.

गरेकोमा डि.एन.ए. परीक्षणको शुद्धता, गोपनियताको अधिकारमा यसले पार्न सक्ने असर र यसको संभावित दुरुपयोग (the accuracy of DNA technology, potential threats to individual privacy, and the possibility of abuse) समेतलाई देखाई उक्त मस्यौदा संसदबाट फिर्ता भएको प्रसङ्ग उल्लेख गर्नु पनि यहाँ सान्दर्भिक देखिन आयो।[३९] अन्य क्षेत्राधिकारमा गरिएको उक्त अभ्यासबाट समेत डि.एन.ए. परीक्षण सतत त्रुटिरहित हुननसक्ने तर्फ आवश्यक सतर्कता अवलम्बन गरिनुपर्ने देखिन आयो।

७८. डि.एन.ए. परीक्षणलाई निश्चयात्मक प्रमाणमा लिन नसकिने अर्को महत्त्वपूर्ण पक्ष **परीक्षण नतिजाको व्याख्यासँग सम्बन्धित** छ। सङ्कलित नमूना निर्धारित विधि (Protocol) अनुसार जाँच गर्दा सो परीक्षणको खास परिणाम (value) निस्कनु स्वाभाविक हो र यो विशुद्ध वैज्ञानिक, यान्त्रिक वा शुत्रवद्ध प्रक्रिया हो। तर सो परीक्षणबाट प्राप्त value को व्याख्या (Interpretation) सम्बन्धित विशेषज्ञले गर्नुपर्ने हुन्छ जुन मानवीय प्रक्रिया हो र यसमा सम्बन्धित विशेषज्ञको ज्ञान, शीप, क्षमता वा अनुभव जस्ता वैयक्तिक गुणहरुको प्रभाव रहेको हुन्छ। अर्थात् परीक्षण प्रक्रिया विज्ञान (Science) हो र नतिजाको व्याख्या वा राय मानवीय कला (Art) हो। विज्ञानको भाषा र कलाको भाषा फरक हुन्छ। यस अर्थमा विशेषज्ञले गरेको व्याख्यालाई नै विज्ञानका रुपमा बुझ्नु सही हुँदैन। अर्थात् नमुनाको DNA जाँचबाट देखिएको value अर्थात् परीक्षण प्रक्रिया विज्ञान सम्मत भएतापनि नतिजाको विश्लेषणको विषय वैयक्तिक राय नै हुने हुँदा त्यस्तो रायलाई अन्य विषयमा विशेषज्ञले दिएको राय सरह हेरिनु पर्ने देखिएको हो। यस सम्बन्धमा यस विधाका अनुसन्धानकर्ता Andrea Roth ले आफ्नो लेख "Admissibility of DNA Evidence in Court" मा DNA परीक्षणको वैज्ञानिक जटिलताका कारण प्राप्त नतिजाको

[३९] Available at https://indianexpress.com/article/explained/what-is-the-dna-bill-8857810/, accessed on 2nd August, 2024 at 1:20p.m.

व्याख्यामा फरक पर्न सक्ने तर्फ सचेत गराएको देखिन्छ।[४०] प्रस्तुत मुद्दामा डि.एन.ए. परीक्षणबाट प्राप्त नतिजा मिसिल संलग्न अन्य प्रमाणबाट समर्थित हुन सकेको नदेखिंदा DNA परीक्षण नतिजाको व्याख्याको प्रश्न उठेको र सो प्रतिवेदनको आधारमा वाबु छोराको नाता सम्बन्ध खण्डित भएको भनी मान्न मिलेन।

७९. यस सन्दर्भमा **मु.स. गर्ने बुद्धु अहिर विरुद्ध कुल्लर अहिर भन्ने जंगबहादुर अहिर**[४१] रहेको अंश नामसारी मुद्दामा "डि.एन.ए. परीक्षण प्रतिवेदनले निश्चयात्मक सबूद (Conclusive Proof) को स्थान ग्रहण गर्न भने नसक्ने पनि हुन सक्दछ। विशेषज्ञको राय न्यायकर्तालाई न्यायिक निष्कर्ष निकाल्न सघाउ पुऱ्याउने एउटा माध्यम मात्र हो। अन्य प्रत्यक्ष तथा विश्वास गर्न लायक प्रमाणहरुको श्रृखलाले डी.एन.ए. परीक्षण प्रतिवेदनको प्रतिकूल निष्कर्ष निकाल्दछन् भने न्यायकर्ताले यी प्रमाणहरुको श्रृङ्खलाका आधारमा उपयुक्त अवधारणा बनाउन सक्ने भनी" गरेको व्याख्या उद्धरण गर्नु सान्दर्भिक देखिन आयो। यसै गरी भारतीय सर्वोच्च अदालतले Tamaso Bruno v. State of UP[४२] नजीरमा विशेषज्ञको राय conclusive प्रमाण नहुने तर अदालतले यस्तो प्रतिवेदनलाई विश्लेषण गरी अन्य प्रमाणहरुसँगको समन्वयमा हेर्नुपर्ने भनी यस तथ्यलाई जोड दिएको पाइन्छ।

८०. डि.एन.ए. परीक्षण तथा यसको विश्वसनिय (credibility) को अर्को महत्त्वपूर्ण पाटो **यसको कानूनी पक्ष** पनि हो। डि.एन.ए.को नमूना सङ्कलन, भण्डारण तथा परीक्षणमा हुन सक्ने मानवीय त्रुटि तथा प्रयोगशाला र यसमा प्रयुक्त रसायन तथा उपकरणहरुको गुणस्तरीयता एवम् विशेषज्ञको क्षमता जस्ता विषयमा मापदण्ड

---

[४०] Andrea Roth, '*Admissibility of DNA Evidence in Court*'; In Henry Erlich, Eric Stover, Thomas J. White, '*Silent Witness: Forensic DNA Evidence in Criminal Investigations and Humanitarian Disasters*', Oxford University Press (2020), 'Because DNA mixtures involve more than one contributor, it may be difficult for analysts to determine how many contributors there are to a mixture, and which alleles at each locus belong to which contributor. As a result, a simple calculation of an RMP using allelic frequencies and the product rule, as analysts do for single source sample comparisons, is not possible in mixture statistics. And while new probabilistic genotyping software programs hold great promise for mixture deconvolution and the calculation of highly discriminating match statistics based on the consideration of thousands of permutations, analysts are more limited in their mixture interpretation abilities'.

[४१] ने.का.प. २०६६, अङ्क ११, निर्णय नं. ८२

[४२] **Tamaso Bruno v. State of UP**, (2015) 7 SCC 178.

निर्धारण गरी गुणस्तरीयताको सुनिश्चितता कायम गर्ने र सो क्रममा हुने त्रुटिका लागि सम्वन्धित पक्षलाई जिम्मेवार बनाउने कानूनी व्यवस्थाको अभाव भएसम्म डि.एन.ए. परीक्षण प्रतिवेदनको विश्वसनीयतामा शङ्का उब्जनु स्वाभाविक देखियो। न्याय निरुपणको प्रक्रियामा महत्त्वपूर्ण सघाउ पुऱ्याउने उद्देश्यले डि.एन.ए. परीक्षण प्रविधिलाई मान्यता प्रदान गरेको देखिए तापनि यस सम्बन्धमा छुट्टै र विशेष कानूनको अभावमा उल्लिखित प्रश्नहरु अनुत्तररित रहेको देखियो। न्यायिक प्रक्रियासँग प्रविधिको विकासलाई आवद्ध गराउनुपर्ने आवश्यकताको सन्दर्भमा यस्तो संशयको अवस्था कायम रहनुलाई कदापि उचित मान्न सकिंदैन। तसर्थ, यस सम्बन्धमा यस अदालतले यस पूर्व विभिन्न मुद्दामा जारी गरेका आदेशहरु समेतलाई मध्येनजर राखी नमूना सङ्कलन, भण्डारण र ढुवानी, नमूना सङ्कलनका लागि मन्जुरी लिने प्रक्रिया, प्रयोगशालाको मापदण्ड र गुणस्तर, परीक्षण विधि, जनशक्तिको योग्यता, सङ्कलित आँकडा स्वेच्छिक रुपमा फिर्ता (withdraw) लिन सक्ने व्यवस्था, आँकडाको सुरक्षा (Data Protection) लगायतको विषयलाई समेटी छुट्टै कानून बनाउन र उक्त कानूनले DNA परीक्षणको समग्र प्रक्रियालाई उत्तरदायी र जिम्मेवारीपूर्ण बनाउनका लागि DNA Profiling Board लगायतका नियामक संयन्त्र गठन गर्ने र वैयक्तिक गोपनियताको हक तथा Right against self-incrimination लगायतका मानव अधिकार सम्बन्धी मुद्दाको समग्रतामा सम्बोधन गर्ने उपयुक्त व्यवस्था गर्न सम्बन्धित पक्षको ध्यानाकर्षण समेत गरिएको छ।

८१. अब तेस्रो अर्थात्, वादीको आमा टीकादेवी पाण्डेले वादी समेतको संरक्षक भै अघि दायर गरेको अंश मुद्दामा गरेको मिलापत्रबाट वादीको अंश हक जाने हो वा होइन? भन्ने तर्फ विचार गर्दा माथिका प्रश्नमा विवेचित तथ्यबाट वादी प्रदिपराज पाण्डेले पेस गरेको निजको तथा आमा टीकादेवी पाण्डेको नेपाली नागरिकताको प्रमाण पत्र तथा शैक्षिक योग्यताको प्रमाणपत्र लगायतका अन्य प्रमाण कागजबाट प्रतिवादी प्रकाशराज पाण्डे यी वादीका बाबु भन्ने खुल्न आएको र डि.एन.ए. परीक्षणबाट प्रतिवादी वादीको जैविक बाबु होइनन् भन्ने प्रतिवेदन प्राप्त भए तापनि उक्त प्रतिवेदन मिसिल संलग्न

अन्य प्रमाणवाट समर्थित हुन नआएकोले मिसिल प्रमाणको रोहमा प्रतिवादी प्रकाश राज र वादी प्रदिपराज पाण्डेबीच बाबु छोरा नाता रहेको पुष्टि हुन आयो। यसरी निजहरु बाबु छोरा नाताका भएका र निजहरुवीच यसपूर्व रीतपूर्वक अंशवण्डा भएको वा व्यवहार प्रमाणवाट अंश लिई भिन्न भएको प्रमाणको अभावमा वादीले प्रतिवादीहरुवाट अंश छुट्याई लिन पाउने नै देखियो।

८२. जहाँसम्म वादीको आमाले यिनै प्रतिवादीका विरुद्ध अघि दायर गरेको दे.मि.नं. २२८९ को अंश मुद्दामा दावी छाडी मिलापत्र गरेको र यिनै वादीले उक्त मिलापत्र वदर गरीपाउँ भनी मिति २०४३।७।२१ मा दर्ता गरेको २०४४ को सा.दे.मु.नं. २६ को मिलापत्र वदर मुद्दा वाग्मती अञ्चल अदालतको मिति २०४४।६।२६ को तामेली आदेशले तामेलीमा रहेको कारण यस सम्बन्धी विवाद निरुपण भैसकेकोले वादीले दोहोऱ्याई अंश पाउन नसक्ने भनी पुनरावेदक प्रतिवादीले लिएको जिकिर छ सो सम्बन्धमा हेर्दा, वादीको आमा टिकादेवीले प्रतिवादी प्रकाश राज उपर अंश मुद्दा दायर गर्दा यी वादी प्रदिपराज १२ वर्षका नावालिग देखिन्छन्। वादीका आमा टिकादेवीले यी वादीका हकमा समेत संरक्षक बनी दायर गरेको उक्त अंश मुद्दामा मिति २०४०।०२।३१ मा आफ्नो र नावालिगको हकमा समेत वादीदावी छाडी मिलापत्र गरेको देखिन्छ। मिलापत्र हुनसक्ने प्रकृतिका मुद्दामा पक्षले स्वेच्छाले स्वीकार गरेका शर्तमा मिलापत्र गर्न पाउनु पक्षको अधिकारको विषय हो र त्यसलाई स्वाभाविक प्रक्रियाका रुपमा मान्न सकिने भए तापनि नावालिगका हकमा संरक्षक भै मुद्दा हाल्ने आमाले नावालिगका हकमा अंश तथा नाता कायम तर्फ समेत दावी छाडी नावालिगलाई निरंशी र पितृत्व विहिन बन्ने गरी मिलापत्र गर्नुलाई किमार्थ स्वाभाविक मान्न सकिएन। **हाम्रो कानून प्रणालीले अंश हकलाई जन्मसिद्ध र नैसर्गिक हकका रुपमा ज्यादै महत्त्वको साथ स्वीकार गरेको छ। कानून बमोजिम बाहेक अन्य बेहोराले कसैको नैसर्गिक अंश हक कुण्ठित गर्न मिल्दैन। नावालिगका हकमा निजको अंशहक सुनिश्चित गर्ने कर्तव्य निजका बाबु, आमा, संरक्षक लगायत राज्यका निकायहरुको समेत हो। नावालिग निरंङ्शी बन्ने गरी वा निजको अंश हकमा**

सारभूतरुपमा असर पर्ने गरी निजका आमाबाबु, संरक्षक वा जो सुकैले गरेको काम कारवाहीलाई अदालतले सतर्कतापूर्वक हेर्नुपर्ने हुन्छ। मिसिलबाट नावालिगको अंशहकमा असर पर्ने गरी व्यवहार गर्नु पर्नाको मनासिव माफिकको कारण नदेखिई त्यस्तो व्यवहारको औचित्य स्थापित हुन सकेको अवस्था छैन भने केवल संरक्षक वा बाबु आमाले गरेको व्यवहार भनी प्राविधिक आधारमा मात्र त्यस्तो व्यवहारलाई मान्यता प्रदान गर्न मिल्दैन। नाबालिगको हक हितमा असर पुऱ्याउने गरी भएका जुनसुकै व्यवहारलाई मान्यता प्रदान गर्दै जाने हो भने बालबालिकाको अंश हक सधैं जोखिममा पर्ने तर्फ अदालत सजग भै त्यसरी भएका काम कारबाहीको औचित्य स्थापित हुन सक्छ सक्दैन भनी हेर्नुपर्ने हुन आउँछ।

८३. प्रस्तुत मुद्दामा पुर्वोक्त अंश मुद्दामा वादी समेतको तर्फबाट अंश मुद्दा दायर गरेकी निजको आमा टीकादेवीले के-कुन शर्तमा निजको अंश हक छाडेको भन्ने मिसिलबाट खुल्न आउँदैन। सो मिलापत्रमा अंश वा नाताको दावी छाडेको विषय निज टिकादेवी स्वयंका हकमा सम्म विचारणीय हुने भए तापनि सो बखत नाबालिग नै रहेका यी वादीका हकमा उक्त मिलापत्र क्रियाशील हुन सक्ने अवस्था नदेखिएको स्थितिमा आमाले गरेको उक्त मिलापत्रबाट नाबालिग अवस्थामा रहेका यी वादीको अंशहक प्रभावित हुने अवस्था नै नभएकोले सो मिलापत्र बदर नगराएको वा सो मिलापत्र बदर गरिपाउँ भनी निजले दायर गरेको मुद्दा तामेलीमा राख्ने आदेश भएबाट समेत वादीको अंशहकमा कुनै प्रभाव पर्ने अवस्था देखिएन। वादीले प्रतिवादीबाट कानून बमोजिम अंश पाउने नै देखियो।

८४. यसैगरी पुनरावेदक प्रतिवादीले पुनरावेदन अदालत पाटनले आफ्नो निजी आर्जनको जग्गाहरु समेत वण्डा लाग्ने ठहर गरेको मिलेको छैन, सो निजी आर्जनको जग्गा वण्डा लाग्ने होइन भनी लिएको जिकिरका सम्बन्धमा हेर्दा, बाबु आमा र छोरा छोरी वीच अंशवण्डा गर्ने प्रयोजनको लागि बावु आमाले आर्जन गरेको सम्पत्तिलाई तत्काल कायम रहेको मुलुकी ऐन, अंशवण्डाको महलको १८ नं. बमोजिमको निजी आर्जनको सम्पत्ति भनी मान्न मिल्ने देखिंदैन। बाबु आमाले जुनसुकै श्रोतले आर्जन गरेको

सम्पत्ति पनि छोराछोरीको लागि वण्डायोग्य पैतृक सम्पत्ति मान्नुपर्ने हुन्छ। यस सम्बन्धमा हाल प्रचलनमा रहेको मुलुकी देवानी संहिता २०७४ को दफा २५७ (३) ले स्पष्ट निर्देश गरेको एवम् यस अदालतको पूर्ण इजलासलेसमेत समेत **"घरमूलीको भूमिकामा रहेको पिता/पतिको आफ्नो परिवारप्रति सामाजिक, सांस्कृतिक र आर्थिक दायित्व रहनुका साथै सामाजिक, सांस्कृतिक र आर्थिक दायित्व वहन गर्ने क्रममा निजको संरक्षकत्वमा रहेका व्यक्तिप्रति साम्पत्तिक हकको संरक्षण गर्नुसमेत निज अभिभावकको मुख्य दायित्व हुन जाने हुन्छ। मूल व्यक्तिले आर्जन गरेको सम्पत्ति निजका पत्नी, छोरा, छोरीका हकमा पैतृक सम्पत्ति मान्नु पर्ने।"** भनी स्पष्ट व्याख्या गरेको पाइन्छ।[४३] उक्त कानूनी व्यवस्था एवम् यस अदालतबाट प्रतिपादित सिद्धान्त समेतका आधारमा पुनरावेदकले निजी आर्जनको भनी जिकिर लिएको जग्गा समेत वादीलाई वण्डा लाग्ने प्रकृतिको देखिन आयो। निजी आर्जनको भन्ने प्रतिवादीको पुनरावेदन जिकिर कानून बमोजिमको देखिएन।

८५. अव चौथो अर्थात् **वादी दावी बमोजिम अंश पाउने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको फैसला मिलेको छ, छैन? पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन?** भन्ने प्रश्नका सम्बन्धमा विचार गर्दा माथिका प्रश्नहरुमा गरिएका विश्लेषणवाट वादी प्रतिवादी बीच बाबुछोराको नाता कायम भै सगोलका अंशियार देखिएको र निजहरुबीच रीतपूर्वक वण्डा भएको समेत नदेखिएको स्थितिमा वादीले फिराद दावी बमोजिम प्रतिवादीबाट अंश पाउने देखिन आएकोले वादी प्रतिवादी बीच नाता सम्म कायम हुने अंशका हकमा अघि भएको मिलापत्रबाट निजको अंशहक समाप्त भएकाले अंशतर्फ दावी नपुग्ने ठहऱ्याएको सुरु काठमाडौं जिल्ला अदालतको फैसला केही उल्टी गरी ललितपुर उपमहानगरपालिका वडा नं.४(झ) कि.नं.८८ को घरजग्गा प्रतिवादी लतादेवि उपाध्यायलाई निजकी आमाबाट प्राप्त भै अनुराग र सन्जयको नाममा नामसारी भै गएको देखिंदा सो कित्ताको घरजग्गा वण्डा नलाग्ने

[४३] दिपकराज गोर्खाली श्रेष्ठ वि. अङ्कित गोर्खाली श्रेष्ठ समेत, मुद्दाः हालैदेखिको बकसपत्र लिखत बदर (ने.का.प. २०७७ अंक ३ नि.नं. १०४४७)

हुँदा बाहेक गरी प्रकाश राजको संयुक्त नाममा रहेको का.म.न.पा. वडा नं. २३ कि.नं. २२५ र २२९ को घरजग्गाहरुको हकमा प्रकाश राजको हक हुन आउने ३ खण्डको १ खण्डबाट एवम् वादी प्रदिप राज पाण्डे र टिका देवी पाण्डेको नामको का.म.न.पा. वडा नं.१६ कि.नं. ६०१ को घरजग्गाको हकमा संयुक्त दर्ता रहेकोले प्रदिपराजको हक हुन आउने आधाबाट र अन्य तायदातीमा उल्लिखित दर्ता प्रमाणित भएका जग्गाहरुबाट वादी प्रदिप राज पाण्डेले ७ भागको १ भाग अंश पाई चलन समेत पाउने ठहऱ्याएको तत्कालीन पुनरावेदन अदालत पाटनको फैसला मनासिव देखिंदा अन्यथा गर्नुपर्ने देखिन आएन।

८६. तसर्थ, माथि विवेचित आधार कारण, कानूनी व्यवस्था र यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका आधारमा वादी प्रतिवादी बीच नाता कायम सम्म हुने तर अंशतर्फ दावी पुग्न नसक्ने ठहऱ्याएको सुरु काठमाडौं जिल्ला अदालतको मिति २०६१।१०।२६ को फैसला केही उल्टी गरी वादी प्रदिप राज पाण्डेले प्रकाश राज समेतका प्रतिवादीहरुबाट ७ भागको १ भाग अंश पाउने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०७२।१०।१० को फैसला न्याय र कानूनको रोहमा मिलेको देखिंदा सदर हुने ठहर्छ। पुनरावेदन अदालत पाटनको फैसला उल्टी गरी फिराद खारेज गरिपाउँ भन्ने पुनरावेदक प्रतिवादीहरुको पुनरावेदन जिकिर पुग्न सक्दैन। प्रस्तुत फैसलाको विद्युतीयप्रति यस अदालतको विद्युतीय मुद्दा व्यवस्थापन प्रणालीमा प्रविष्ट गरी मुद्दा दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाइदिनू।

न्यायाधीश

उक्त रायमा म सहमत छुः

न्यायाधीश

इजलास अधिकृतः केशव पराजुली / चन्द्रमणि चापागाई

कम्प्युटर अपरेटरः सन्तोष अवाल / कृष्ण गिरी

इति सम्वत् २०८० साल पौष २४ गते रोज ३ शुभम् ...............................।